# वित्तीय साक्षरता

(तालिम पुस्तिका)

नवराज सिंखडा

विनोद अधिकारी

पौष, २०७१

# प्राक्कथन

यस नेशनल बैंकिङ्ग ईन्ष्टिच्युटबाट स्थापनाकाल देखि नै देशका जनतामा वित्त सम्बन्धी ज्ञान र जनचेतना जगाउन वित्तीय साक्षरता कार्यक्रम नियमित रुपमा संलग्न हुँदै आएको छ । हालसम्म यस संस्थाले देशका सुगम तथा दुर्गममा गरी ४० वटा कार्यक्रमहरु मार्फत वित्तीय साक्षरता कार्यक्रम संचालन गरिसकेको छ र यसबाट करीव २ हजार जना लाभान्वित भएका छन् । यो कार्यक्रम देशको वर्तमान परिस्थितिलाई मध्येनजर गर्दै अटुट रुपमा सञ्चालन गरिने छ । हाल यसको औचित्यलाई हेरेर विभिन्न बैंकहरुले यस इन्ष्टिच्युटको सहकार्यमा पूर्व मेची देखि पश्चिम महाकालीसम्म यो कार्यक्रमलाई विस्तारित गरिँदै लगेको छ ।

यसै सन्दर्भमा यस संस्थाको अथक प्रयासबाट वित्तीय साक्षरता सम्बन्धी एउटा पुस्तक पनि प्रकाशनमा ल्याउन सफल भएको छ । यो पुस्तकले वित्तीय साक्षरतालाई अझ प्रभावकारी बनाई यस सम्बन्धी ज्ञान प्राप्त गर्नको लागि एउटा कोशे ढुङ्गाको रुपमा लिने हाम्रो विश्वास रहेको छ ।

यो पुस्तक तयार पार्न पाण्डुलिपी लेखेर सहयोग गर्ने लेखकद्वय श्री नवराज सिंखडा र श्री विनोद अधिकारीलाई धन्यवाद दिन चाहन्छु । साथै सो पाण्डुलिपीलाई विस्तृत अध्ययन र पुनरावलोकन गरी समय सापेक्ष बनाउने यस संस्थाका एकेडेमिक डाइरेक्टर श्री पूर्णमान नापितलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरी यस पुस्तकमा विषयवस्तुसंग सान्दर्भिक चित्रहरु तयार पार्ने श्री किर्ती किरण जोशी र पुस्तक प्रकाशनको आवश्यक चाँजो पाँजो मिलाउने श्री सबिन नेपाल पनि धन्यवादको पात्र हुनु हुन्छ ।

अन्त्यमा यस संस्थाले भविष्यमा पनि समय सापेक्ष रुपमा यस्तै वित्तीय साक्षरता सम्बन्धी विभिन्न पुस्तकहरु आम जनमानसमा ल्याई यस कार्यक्रमलाई देशव्यापी रुपमा फैलाउन अटुट प्रयासरत रहने कुरामा विश्वस्त छ ।

सन्जिव सुब्बा
प्रमुख कार्यकारी अधिकृत

# विषय-सूची


खण्ड- एक १-५

समुदायको वर्तमान अवस्थाको विश्लेषण

१.१ विपन्नता र यसको असर १-२

१.२ सम्पन्नताको बाटो ३

१.३ समयको व्यवस्थापन ४

खण्ड - दुई ६-९

वित्तीय साक्षरता

२.१ वित्तीय साक्षरताको परिचय ६

२.२ वित्तीय साक्षरताको उद्देश्य र महत्त्व ७-९

खण्ड -तीन १०-११

वित्तीय लक्ष्य निर्माण

३.१ वित्तीय लक्ष्य निर्माणको परिचय १०

३.२ वित्तीय लक्ष्य निर्माणको महत्त्व ११

खण्ड - चार १२-१९

बचत

४.१ बचतको परिचय १२

४.१.१ बचतका फाइदा १२

४.१.२ बचत गर्ने उपायहरू १३

४.१.३ वित्तीय लक्ष्य प्राप्तिका लागि बचत योजना १४

४.१.३ बचत गर्ने तरिकाहरू १५

४.१.४ मुख्य बचत सेवाहरू र तिनका फाइदाहरू १६

४.१.५ बचत गर्नमा आउने समस्या र समाधानका उपायहरू १६-१९

खण्ड -पाँच २०-२४

पारीवारिक बजेट

५.१ पारीवारिक बजेटको परिचय र महत्त्व २०

५.२ बजेट निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरू २१-२३

५.३ पारीवारिक बजेट निर्माण अभ्यास २४

खण्ड - छ २५-२९

ऋण

६.१ ऋणको परिचय र महत्त्व २५

६.२ वित्तीय सेवा प्रदायकहरू र तिनका फाइदा बेफाइदा २६-२७

६.३ भाखा नाघेको ऋणको व्यवस्थापन २८-२९

खण्ड - सात ३०-३४

बिमा

७.१ बिमाको परिचय र महत्त्व ३०-३२

७.२ बिमा गर्दा ध्यान दिनुपर्ने कुराहरू ३०-३४

खण्ड - आठ ३५-३७

विप्रेषण

८.१ विप्रेषणको परिचय र महत्त्व ३५

८.२ विप्रेषण गर्दा ध्यान दिनुपर्ने कुराहरू ३६-३७

# समुदायको वर्तमान अवस्थाको विश्लेषण

१

खण्ड एक

## १.१ विपन्नता र यसको असर



सन्तबहादुर हर्कबहारका जेठा छोरा हुन् । उनका बाबु हर्कबहादुर श्रीमती, ३ छोरा र १ छोरीसमेत ६ जनाको परिवार लिएर लमजुङको अर्चले भन्ने ठाउँमा बसेका छन् । अर्चले, जिल्लाको सदरमुकामबाट ५ कोश पश्चिमको मध्य पहाडी गाउँ हो । आफ्नो जमीनको उत्पादनले ३ महिना पनि खान नपुग्ने भएकोले र आम्दानीको अरु कुनै भरपर्दो उपाय नभएको ले हर्कबहादुरको परिवार ज्याला मजदुरीकै भरमा धानिएको थियो ।

सामान्य लुगाफाटो र खाने अन्न किन्नका लागि पनि साहू महाजनसँग रोइकराई महङ्गो ब्याजमा ऋण लिनु बाहेक अरु उपाय नभएकोले हर्कबहादुरको परिवारको जीविका अत्यन्त असजिलो थियो । आम्दानीको पर्याप्त स्रोत नहुँदा पनि उनीहरु चाडपर्व खर्चिलोसँग मनाउँथे र फजुल खर्चलाई पनि नियन्त्रण गर्न सकेका थिएनन् । ऋण माथि ऋणले उनीहरुमा झन् ठूलो बोझ निम्त्याइरहेको थियो, पढाइ खर्च पनि व्यवस्था गर्न नसकेर हर्कबहादुरले छोराछोरीलाई स्कूल पढाउन सकेनन् । ज्याला मजदुरीको भरमा परिवारको जीविका चलाउँदै आएका हर्कबहादुरको पनि स्वास्थ्य बिग्रँदै गयो । शरीर बलियो नहुँदा पनि काममा जोतिइरहनु पर्ने भएको र तुरुन्तै रोगको उपचार खर्च जुटाउन नसकेको कारणले गर्दा एक महिनासम्म ओछ्यानमा थला परी हर्क बहादुर स्वर्गे भए । त्यसपछि सन्तबहादुरसमेत ५ जनाको परिवार झन् ठूलो सङ्कटको भुमरीमा पर्‍यो ।

परिवारमा यस्तो सङ्कट कसरी आइपर्‍यो र यस्तो सङ्कटबाट उम्किने उपाय के हुनसक्छ भन्ने बारेमा त्यो परिवारले केही सोच्न सकेन । दिनहरु बित्दै गए । आखिर ऋणमाथि ऋणको बोझ थपिएपछि र जीवन जीविकाको भर पर्दो उपाय अरु केही नदेखेपछि सन्तबहादुर र उनका भाइहरु रोजगारीको खोजीमा घर छोडेर हिंडे ।

## अभ्यास

(क) हर्कबहादुरका परिवारको जीविका किन असजिलो थियो ?

- - - - - - - - - - - - - - - - - - - - - - - -

(ख) गरिबीले के के हुँदो रहेछ ?

- - - - - - - - - - - - - - - - - - - - - - - -


(ग) हर्कबहादुरको परिवारलाई यस्तो हुनुको कारण के हो ?

- - - - - - - - - - - - - - - - - - - - - - - -

(घ) के हर्कबहादुरको जीवन हाम्रो समुदायको अवस्थासँग मिल्दोजुल्दो छ ?

- - - - - - - - - - - - - - - - - - - - - - - -

## गरिबीको दुश्चक्र




गरिबीले मानिसलाई झन् गरिबीतर्फ धकेल्न बल गर्छ । गरिबी भनेको जीविकोपार्जन सम्मका लागि पनि आम्दानी नहुनु र ऋणको भरमा बाँच्नु पर्ने अवस्था आइपर्नु हो । यस्तो अवस्थामा मानिसले आम्दानी बढाउने काममा लगानी गर्नसमेत सक्दैन । लगानी नभएपछि आम्दानी हुने कुरै भएन । त्यसले मानिसलाई शारीरिक र मानसिक रूपले झन् कमजोर अवस्थातिर धकेल्छ । यो गरिबीको दुश्चक्र हो ।

## १.२ सम्पन्नताको बाटो


गरिबी मानवीय समस्या हो । मानिसको सकारात्मक सोच विचार, धेरै परिश्रम, खर्चमा अनुशासन र पैसाको व्यवस्थापनले गरिबी हटाउन सकिन्छ अथवा गरिबीका दुश्चक्रलाई तोड्न सकिन्छ । अन्तराष्ट्रिय ऋण महासंघका पिता मानिने फ्रिडरिच ब्वेलहेल्म राइफाइसन भन्दछन् - "आफ्नो प्रयत्न बिना नै गरिबीबाट उम्किने अनौठो उपाय म दिन सक्दिन । तर म एउटा उपाय जान्दछु जुन जोसुकै मानिसले पनि अवलम्बन गर्न सक्दछ । यदि सबैले साझा भलाइका लागि काम गर्दछन् भने आफ्ना चाहनाहरु पूरा गर्न सक्दछन् । समुदायका उद्यमी सदस्यहरूलाई ऋण प्रदान गरेमा उनीहरूको उद्यमबाट नाफा बढ्न सक्नेछ । बचत र लगानीबाट कुनै पनि बाहिरी सहयोग लिन नपर्ने गरी मानिस आत्मनिर्भर हुनेछन् । फलस्वरूप गरिबी घटाउन सक्नेछन् । विलासिता भड्किला पोशाकहरु, खर्चिला बानी शहरमामात्र बढेको नभई टाढा गाउँसम्म पनि पुगको छन् । दैनिक जीवन धान्नका लागि रकम नरहँदा पनि भड्किला कार्यमा पैसा खर्च भएको छ । जीवनको सुधारको लागि ग्रामीण समुदायमा दुईवटा कुराहरु महत्त्वपूर्ण छन् : मितव्ययीता र परिश्रम । दुवै एक अर्कासँग सम्बन्धित छन् र यिनले गरिबीबाट उम्कन सघाउँछन् ।"

राइफाइसन जस्तै संसार-प्रसिद्ध व्यवसायी अमेरीकाका वारेन बफेट समुदायका कमजोर आर्थिक अवस्था भएका मानिसहरूलाई सल्लाह दिँदै भन्दछन् - "एउटामात्र आम्दानीको स्रोतमा भर नपर, अर्को वैकल्पिक स्रोत खोजिहाल ।"

राइफाइसन र वारेन बफेटका माथिका भनाइबाट आफ्नै प्रयासले गरिबी हटाउन सकिन्छ भन्ने थाहा पाउन सकिन्छ । त्यसैले पैसाको राम्रो व्यवस्थापन गर्‍यो, इमान्दारितापूर्वक परिश्रम गर्‍यो र अनावश्यक वस्तुहरूमा हुने खर्च घटायो भने गरिबीको दुश्चक्रलाई सम्पन्नताको असल चक्रमा परिणत गर्न सकिन्छ ।



## सम्पन्नताको चक्र




अनावश्यक खर्च घटाउँदा र विचार गरेर ठिक्कसँग अर्थात् मितव्ययी भएर खर्च गर्दा पनि पैसाको बचत हुन्छ । पैसाको बचत भएपछि लगानी गर्न सकिन्छ । लगानीबाट आम्दानी बढ्छ । आम्दानी बढेपछि शरीर र मन बलियो हुन्छ । शरीर बलियो भएपछि अनि मनमा आत्मविश्वास भएपछि आम्दानी बढाउने विभिन्न उपायहरु गर्न सकिन्छ र यसले आफ्नो जीवनलाई सजिलो तिर लैजान्छ । यो सम्पन्नताको असल चक्र हो ।

## १.३ समयको व्यवस्थापन

समय मानिसको ठूलो सम्पत्ति हो । पैसा जस्तै समय पनि सफल र सुखी जीवनको बलियो स्रोत वा साधन हो । त्यसै ले सफल र सुनिश्चित भविष्यको लागि पैसाको व्यवस्थापन जस्तै समयको पनि व्यवस्थापन गर्नु जरूरी छ ।

सम्पन्न, विपन्न, ठूला, साना सबैको लागि बराबर हुने वस्तु समयमात्र हो । सबैको लागि एक दिन र रातमा २४ घण्टा अर्थात् १४४० मिनेट नै हुन्छ । यो समयको प्रयोगको तरिका नै मानिसलाई गरिबीतिर धकेल्ने र सफलतातिर लैजाने मुख्य माध्यम हो । आम्दानी बढाउने काममा प्रयोग गर्नु समयको सही उपयोग हो भने अनावश्यक काममा त्यसै समय खेर फाल्नु समयको दुरूपयोग हो । अल्छी गरेर नबस्ने र कुनै काममा लागि रहने बानीले मानिसलाई सफल र सुरक्षित भविष्यतर्फ डोऱ्याउँछ ।

कुन कुन समयमा के के काम गर्ने भनेर समय तोक्नु वा समय भाग लगाउनु समयको योजना हो । यसले आम्दानी बढाउनमा सघाउँछ । समयको योजना गर्दा के के काम महत्त्वपूर्ण छन्, के के काममा पहिल्यै समय दिनुपर्छ त्यसको वर्गीकरण गर्नुपर्छ । आम्दानी बढ्ने काममा लगाइने समयलाई पहिलो प्राथमिकतामा राख्नु पर्छ किनभने यो मानिसको अनिवार्य आवश्यक कुरा हो । घुमघाम र मनोरञ्जन जस्ता काममा दिइने समयलाई कम प्राथमिकतामा राख्नु पर्छ किनभने यो रहरमात्र हो, नभै नहुने काम होइन । यसैका आधारमा हरेक दिन र रातको २४ घण्टालाई काममा प्रयोग हुने समय, त्यसै बित्ने समय र विश्राम गर्ने (सुत्ने) समय गरी समयको योजना गर्नुपर्छ । यसरी समयको योजना गरेर काम गर्ने र समयको सही सदुपयोग गर्ने बानीबाट मात्र मानिसले आफ्नो जीवनलाई माथि उठाउँदै लैजान सक्छ ।



## अभ्यास

(क) सम्पन्न जीवनको लागि पैसाको व्यवस्थापन जस्तै समयको पनि व्यवस्थापन गर्नुपर्छ भन्ने कुरामा के तपाई सहमत हुनुहुन्छ । छु ☐ छैन ☐

किनभने ………………………………

(ख) सामान्यतया हरेक दिन के के काममा तपाईंको कति कति समय बित्दछ ? आम्दानी हुने काममा …… घण्टा, विना काममा …… घण्टा, विश्राम (सुत्नमा) …… घण्टा ।

(ग) तपाईंको समयको प्रयोगको तरिका तपाईंलाई ठीक लाग्छ ? लाग्छ ☐ लाग्दैन ☐

किनभने ………………………………

(घ) लाग्दैन भने अव तपाईंले समयको प्रयोग गर्ने तरिकामा के फरक ल्याउन सक्नुहुन्छ ?

………………………………

२
खण्ड दुई

# वित्तीय साक्षरता

## २.१ वित्तीय साक्षरताको परिचय

जीवन चक्रमा आइपर्ने अनुमान गर्न सकिने जस्तै - बालबच्चाको पढाई, घर बनाउने सम्पत्ति खरिद आदि र अनुमान गर्न नसकिने, जस्तै - बिरामी, दुर्घटना, प्राकृतिक प्रकोप आदि विभिन्न आवश्यकता तथा चाहना पूरा गर्नका लागि पैसाको व्यवस्थापन गर्न सिकाउने ज्ञान तथा सीपलाई वित्तीय साक्षरता भनिन्छ । यसभित्र आम्दानी, खर्च, वजेट, बचत, ऋण, विमा, विप्रेषण आदि पर्दछन् । साथै यसले आवश्यक खर्च गरेर बाँकि रहेको बचत रकमलाई कसरी सुरक्षित राख्ने, कस्तो वित्तीय सेवाको सहयोग लिने र त्यस्ता बचत रकमको कसरी सदुपयोग गर्ने भन्ने बारे आवश्यक ज्ञान पनि प्रदान गर्दछ । जीवन जीविकाका लागि होस् या धन कमाउनका लागि होस्, पैसा नै चाहिने हुनाले यसको व्यवस्थापन सबैका लागि जरूरी छ । वित्तीय साक्षरताले समुदायका सबै वर्गहरूलाई सुखी र सुरक्षित भविष्यका लागि सघाउँछ । वित्तीय सेवामा समुदायका सदस्यहरूको पहुँच बढेपछि संस्थाको कार्य क्षमता र कारोबारसमेत बढ्ने भएकोले यसले व्यक्तिमात्र नभई वित्तीय सेवामा संलग्न संघ संस्थाहरूलाई पनि ठूलो सहयोग पुऱ्याउँछ । त्यसै भएको हुनाले, कोहेन एम् र स्टाकके भन्दछन् "वित्तीय साक्षरता समुदाय र वित्तीय संस्था दुबैका लागि फाइदाजनक छ । वित्तीय साक्षरताले पैसाको उचित व्यवस्थापनको लागि आवश्यक पर्ने ज्ञान, सीप र व्यवहारको बारेमा सिकाउँछ ।"




वित्तीय साक्षरता समुदायका प्रौढ, युवा तथा बालबालिका सबै उमेरका मानिसका लागि आवश्यक छ । परिवारको आम्दानी खर्चको व्यवस्थापन र आकस्मिक रूपमा परिवारमा आइपर्न सक्ने समस्याहरूको समाधान गर्न यसले प्रौढहरूलाई सघाउँछ । आफ्नो पारीवारिक आम्दानी खर्चको बारेमा थाहा पाउन, भविष्यमा आफ्ना आवश्यकताहरु र चाहना पूरा गर्न बेलैदेखि बचत गर्दै जाने र ऐच्छिक एवम् अनावश्यक खर्चहरु घटाउन यसले युवा तथा बालबालिकाहरूलाई सहयोग गर्दछ । वित्तीय साक्षरताका प्रसिद्ध लेखक रोबर्ट टी. कियोसाकी भन्दछन् - "विद्यार्थीहरूलाई वित्तीय साक्षरता शिक्षा नदिनु शैक्षिक प्रणालीकै कमजोरी हो" । त्यसैले वित्तीय साक्षरतालाई औपचारिक पाठ्यक्रममा नै समावेश गर्नु नितान्त जरूरी छ ।

### अभ्यास

(क) वित्तीय साक्षरता के हो ?

- - - - - - - - - - - - - - - - - - - - - - - - - -

(ख) वित्तीय साक्षरता भित्र के के कुरा पर्दछन् ?

- - - - - - - - - - - - - - - - - - - - - - - - - -


(ग) वित्तीय साक्षरता किन चाहिन्छ ?

- - - - - - - - - - - - - - - - - - - - - - - - - -

(घ) वित्तीय साक्षरता कसलाई आवश्यक छ ?

- - - - - - - - - - - - - - - - - - - - - - - - - -

## २.२. वित्तीय साक्षरताको उद्देश्य र महत्व




### उद्देश्यहरू

देशको आर्थिक सामाजिक अवस्था, मानिसको उमेर समूह र उपलब्ध वित्तीय सेवाहरूका आधारमा वित्तीय साक्षरताका उद्देश्यहरु फरक फरक हुन सक्छन् । वित्तीय बजारको परिपक्वताको अवस्थाले पनि वित्तीय साक्षरता कार्यक्रमले जोड दिनुपर्ने विषय फरक हुन सक्दछन् । वित्तीय साक्षरताले समुदायका सदस्यलाई प्रतिस्पर्धात्मक बजारमा रहेका विभिन्न सेवा प्रदायकहरूका विशेषताहरु र तिनले दिने फाइदाहरूका बारेमा राम्रो जानकारी दिनेछ । सेवाप्रदायकहरु न्यून सङ्ख्यामा रहेको

अवस्थामा भने वित्तीय सेवाको प्रयोगतिर सदस्यहरूलाई आकर्षित गर्नु वित्तीय साक्षरताको मुख्य उद्देश्य हुनेछ । त्यसैले वित्तीय साक्षरताका मुख्य उद्देश्यहरु निम्न अनुसार हुनेछन् -

- वित्तीय योजनको महत्त्वको बारेमा जानकारी दिने ।
- अल्पकालीन, मध्यमकालीन र  दीर्घकालीन वित्तीय लक्ष्य निर्धारण गर्न सिकाउने ।
- जीवन चक्रका विभिन्न आवश्यकता पूरा गर्न र भविष्यमा आउनसक्ने चुनौति व्यवस्थापन गर्न सक्ने ज्ञान तथा सीप प्रदान गर्ने ।
- पैसाको अर्थात् आफ्नो वित्तीय सम्पत्तिको व्यवस्थापन गर्ने क्षमता बढाउने ।
- उपयुक्त वित्तीय सेवाहरु छनोट गर्नसक्ने क्षमता विकास गर्ने ।
- वित्तीय लक्ष्य निर्धारण गर्ने, आम्दानी बढाउने, पारीवारिक बजेट बनाउने सोच विचार गरी खर्च गर्ने, नियमित बचत गर्ने ऋण लिने र त्यसको सही उपयोग तथा व्यवस्थापन गर्ने ज्ञान सीप दिने । विपन्नवर्गका मानिसलाई बचत गर्न, भविष्यमा आउन सक्ने वित्तीय चुनौतिहरूको सामना गर्न सक्ने ज्ञान, सीप दिई सम्पन्नताको बाटोतिर लाग्न सघाउ पुर्‍याउने ।

### महत्व

वित्तीय साक्षरता व्यक्ति, समुदाय, सहकारी तथा लघुवित्त संस्थाहरु सबैलाई उपयोगी छ । आफ्नो पैसा वा सम्पत्तिको राम्रो व्यवस्थापन गर्ने, आम्दानीका विभिन्न उपायहरूको खोजी गर्ने, वित्तीय सेवाप्रदायकहरूसम्म पुगेर तिनले दिनसक्ने सेवा र आफ्नो आवश्यकताको विचार गरी उपयुक्त सेवाप्रदायक छनोट गर्ने, ऋणको उपयोग र व्यवस्थापन गर्ने जस्ता ज्ञान र सीपबाट विपन्न वर्गहरूले आफ्नो जीवनस्तर माथि उठाउन सक्नेछन् । वित्तीय सेवाप्रदायकहरूले समुदायका अधिकतम सदस्यहरूसम्म आफ्नो पहुँच विस्तार गर्ने अवसर पाउनेछन् र प्रतिस्पर्धात्मक बजारमा आफ्नो सेवाको आकार र गुणस्तर बढाउन पर्ने शिक्षा पाउने छन् ।



वित्तीय साक्षरताले घर परिवारको वित्तीय व्यवस्थापन कार्यमा महिलाहरूलाई सघाउने छ । समुदायका युवाहरूलाई सुरुदेखि नै पैसाको व्यवस्थापन गर्न र प्रौढहरूलाई प्रौढ अवस्थामा आइपर्नसक्ने सङ्कटहरूलाई समाधान गर्न वित्तीय साक्षरताले सघाउँछ । यसरी वित्तीय साक्षरता समुदायका सबै उमेर, सबै वर्गका मानिसहरूलाई र सबै वित्तीय सेवाप्रदायकहरूलाई आवश्यक छ । वित्तीय साक्षरताको महत्त्वलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ । जस्तै -

- आफ्नो आम्दानीबाट बचत गर्ने बानी सिकाउँछ साथै त्यस्ता बचतको सुरक्षित तवरले वित्तीय संस्थामा राख्न तथा परिचालन गर्न सघाउँछ ।
- आफ्नो समुदाय तथा आफ्ना क्षेत्रमा उपलब्ध वित्तीय सेवाका अवसरहरु उपयोग गर्न समुदायका सदस्यहरूलाई सहयोग पुर्‍याउँछ ।
- मानिसलाई आफ्नो पैसा वा सम्पत्तिलाई राम्रोसँग व्यवस्थापन अर्थात् परिचालन गर्ने ज्ञान, सीप प्रदान गर्छ ।
- वित्तीय सेवा सम्बन्धी आवश्यक सूचनाहरु प्रदान गरी मानिसहरूलाई उपयुक्त सेवा छनोट गर्ने क्षमता प्रदान गर्छ र गलत सेवा प्रदायकको छनोटबाट हुनसक्ने हानी, नोक्सानीबाट बचाउँछ ।
- वित्तीय सेवाप्रदायकहरूलाई सेवा विस्तार गर्ने अवसर दिन्छ र प्रतिस्पर्धात्मक बजारमा आफ्नो गुणस्तर विकास गर्न सचेत गर्छ ।
- समुदायका सदस्यहरूमा वित्तीय व्यवस्थापनको ज्ञान, सीप बढेपछि ऋणको भाखा नाघ्ने दर कम हुने र ऋणको माग पनि बढ्ने हुनाले वित्तीय सेवाप्रदायकहरूलाई पनि वित्तीय साक्षरताले सहयोग पुर्‍याउँछ ।

३

खण्ड तीन

# वित्तीय लक्ष्य निर्माण

## ३.१ वित्तीय लक्ष्य निर्माणको परिचय

जीवनका विभिन्न अवस्थामा विभिन्न आश्यकताहरु पूरा गर्नुपर्ने हुन्छ । ती आवश्यकताहरु पूरा गर्नका लागि पैसा चाहिन्छ । कहिले काहीँ मानिसलाई नसोचेका घटनाहरु पनि अकस्मात् आइपर्दछन् । त्यस्ता घटनाहरूलाई सामना गर्न पनि पैसा नै चाहिन्छ । यसरी जीवनमा आइपर्ने विभिन्न आवश्यकता पूरा गर्न र अनिश्चित रूपमा आइपर्न सक्ने अवस्थाको समेत विचार गरी पहिल्यैदेखि पैसाको जोहो गर्नुलाई वित्तीय लक्ष्य निर्माण भनिन्छ । गरिबीको चक्रलाई तोड्न वित्तीय लक्ष्य निर्माण अपरिहार्य छ । अझ समुदायका विपन्न वर्गहरु जसलाई जीविकाको लागि दिनरात अति धेरै परिश्रम गर्नुपर्दछ तिनीहरूले आफ्नो भविष्यलाई सुरक्षित बनाउन वित्तीय लक्ष्य निर्माण गर्नु अति जरूरी छ ।

**जीवनमा आइपर्ने विभिन्न आवश्यकता पूरा गर्न र अनिश्चित रूपमा आइपर्न सक्ने अवस्थाको समेत विचार गरी पैसाको योजना गर्नु वित्तीय लक्ष्य निर्माण हो ।**

वित्तीय लक्ष्य निर्माण गर्दा तत्काले (१ वर्षभित्रै) पूरा गर्नु पर्ने, केही समय पछि (१ देखि ५ वर्षसम्ममा) पूरा गर्नुपर्ने र ५ वर्षदेखि बाँकी जीवनकालसम्म पूरा गर्नुपर्ने आवश्यकताहरूलाई पहिचान गरी सोही अनुसार बनाउनु पर्दछ । तत्काले पूरा गर्नुपर्ने वित्तीय लक्ष्यलाई अल्पकालीन, केही सयम पछि पूरा गर्नेलाई मध्यमकालीन र लामो समयपछि पूरा गर्नुपर्ने वित्तीय लक्ष्यलाई दीर्घकालीन वित्तीय लक्ष्य भनिन्छ ।

निरमाया र सन्तबहादुर श्रीमान् श्रीमती हुन् । उनीहरूको १ छोरा, १ छोरी र आफूहरूसमेत गरी ४ जनाको परिवार छ । उनीहरूको एउटा सानो अस्थायी घर छ । सन्तबहादुरले मलेसियाबाट कमाएर ल्याएको केही पैसाबाट घरको नजिकै २ रोपनी जग्गा किनेका छन् । उनीहरु तरकारी खेती गर्दछन् । सिञ्चाइको राम्रो व्यवस्था नभएकोले खडेरी परेको बेला तरकारी उत्पादनमा समस्या हुन्छ । उनीहरूले एउटा दुहुनो गाई पनि पालेका छन् । उनीहरूका छोराछोरीहरु नजिकैको विद्यालयमा पढ्दछन् ।



उनीहरु छोराछोरीलाई राम्रो विद्यालयमा पढाउन चाहन्छन् । उनीहरूको आम्दानीको मुख्य आधार तरकारी खेती र दूधबिक्री हो । छोराछोरीको पढाई खर्च र अरु आवश्यकता खर्चहरु पनि बढ्दै गएको हुनाले तरकारी खेती बढाउने उनीहरूको सोच छ । एउटा अर्को दुहुनो गाई पनि किन्ने उनीहरूको योजना छ । उनीहरु एउटा स्थायी घर बनाउन र अरु १ रोपनी जग्गासमेत किन्न चाहन्छन् ।

**सन्तबहादुर र निरमायाका वित्तीय लक्ष्यहरू –**

(क) तत्कालै वा एक वर्षभित्र पूरा गर्नुपर्ने (अल्पकालीन)

**जस्तै** : छोराछोरी राम्रो स्कूलमा पढाउने

(ख) एक वर्षदेखि पाँच वर्षभित्र पूरा गर्नुपर्ने (मध्यमकालीन)

**जस्तै** : गाई किन्ने, तरकारी खेती बढाउने

(ग) पाँच वर्षपछि पूरा गर्नुपर्ने (दीर्घकालीन)

**जस्तै** : स्थायी घर बनाउने, जग्गा किन्ने ।

### अभ्यास

सन्तबहादुर र निरमायाको उदाहरणको आधारमा सहभागीलाई आफ्नो परिवारको वित्तीय लक्ष्य निर्धारण गर्न लगाउने ।

(क) तत्कालै वा एक वर्षभित्र पूरा गर्नुपर्ने वित्तीय लक्ष्य

- - - - - - - - - - - - - - - - - - - - - - - - -

(ख) एक वर्षदेखि पाँच वर्षभित्र पूरा गर्नुपर्ने वित्तीय लक्ष्य

- - - - - - - - - - - - - - - - - - - - - - - - -

(ख) पाँच वर्षपछि पूरा गर्नुपर्ने वित्तीय लक्ष्य

- - - - - - - - - - - - - - - - - - - - - - - - -

### ३.२ वित्तीय लक्ष्य निर्माणको महत्त्व

(क) यसले आफ्नो आम्दानी र खर्चको लेखाजोखा गर्न मद्दत पुऱ्याउँछ ।

(ख) नगरीकन नहुने अत्यावश्यक खर्च र नगरे पनि हुने स्वैच्छिक खर्चहरूलाई छुट्याउन सहयोग गर्छ ।

(ग) जीवनमा आकस्मिक रूपमा आउन सक्ने खर्चको समस्या टार्न मद्दत गर्छ ।

(घ) खर्चमा अनुशासन राख्न र आम्दानी बढाउने उपाय खोज्न सहयोग गर्छ ।


(ङ) मानिसमा भविष्यको सोच गर्ने र सो अनुसार काम गर्ने बानी विकास गर्छ ।

# ४ खण्ड चार

# बचत

## ४.१ बचतको परिचय

आफूसँग भएको पैसा वा अरु कुनै वस्तुबाट भविष्यका लागि भनेर छुट्याएर राखिएको केही अंश वा भाग बचत हो । बचत नगद वा जिन्सी दुबै हुन सक्छ । बचत सुरक्षित भविष्यको लागि बलियो आधार हो । भविष्यमा आइपर्न सक्ने आकस्मिक अवस्था वा जीवनकालका अन्य अति आवश्यक खर्चहरु टार्न बचतले ठूलो सहयोग गर्छ ।




समय अनुकूल आजभोलि बचत गर्ने शैली र तरिकाहरूमा नयाँ नयाँ परिवर्तनहरु आएका छन् तापनि बचत गर्ने चलन धेरै लामो समयदेखि चल्दै आएको कुरा हो । पहिले पहिले पनि भविष्यको सोच राख्ने मानिसहरूले आफूले प्रयोग गर्ने खाद्यान्न वा अन्य जिन्सी वस्तुहरूबाट केही छुट्याई बचत गर्ने गर्दथे । मानिस बाहेक केही मुसा, कमिला जस्ता जीवहरु पनि भविष्यका लागि भनी खानेकुराहरु जम्मा गरेर राख्दछन् । यसबाट बचत भविष्यको बलियो आधार रहेछ भन्ने स्पष्ट हुन्छ ।

### ४.१.१ बचतका फाइदा

- आजको सानो बचतले भविष्यको ठूलो सङ्कट टार्न सहयोग पुग्दछ ।
- बचतले खर्चमा अनुशासित हुन सिकाउँछ र भविष्यको सोच गर्ने बानी विकास गर्छ ।
- बचतले आफ्नो वित्तीय लक्ष्य पूरा गर्न मद्दत गर्दछ ।
- बचतले अनावश्यक खर्चहरु गर्नबाट जोगाउँछ ।




निरमाया र सन्तबहादुरले आफ्ना वित्तीय लक्ष्यका बारेमा छलफल गरे । वित्तीय लक्ष्य निर्धारण गर्नुभन्दा पहिले आफ्ना आम्दानीका स्रोतहरु के के छन् ? तिनबाट कति कति आम्दानी हुन्छ ? त्यो आम्दानी के के मा कति कति खर्च हुन्छ ? त्यसको दुरुस्त हिसाब किताब गरेर आफ्नो आम्दानीको कम्तीमा दश प्रतिशत भविष्यका लागि भनेर बचत गर्ने निधो गरे ।

निरमाया र सन्तबहादुरले पैसाको व्यवस्थापन किन गर्नुपर्छ र यसबाट के फाइदा छ भन्ने थाहा पाए । कसरी अहिले गरेको सानो सानो बचतले पनि भविष्यमा आइपर्न सक्ने समस्या टार्न सहयोग पुऱ्याउन सक्छ भन्ने बुझे । त्यसपछि आफ्नो आम्दानीबाट बचतको लागि पैसा छुट्याएर मात्र खर्च गर्ने निधो गरे । सन्तबहादुर नजिकैको सहकारीको सदस्य बने र बचत गर्न शुरू गरे । निरमायाले पनि स्थानीय लघुवित्त संस्थामा बचत खाता खोलिन् ।

## ४.१.२ बचत गर्ने उपायहरू

- आफ्नो आम्दानीको केही पैसा बचतको लागि छुट्याइ हाल्ने ।
- खर्चमा अनुशासन कायम राख्ने, नगरी नहुने काममा मात्र खर्च गर्ने ।
- आजको सानो बचतले भविष्यको ठूलो समस्या टार्नसक्छ भन्ने विश्वास राख्ने ।
- आम्दानीका बैकल्पिक उपायहरु खोज्ने ।
- धेरै परिश्रम गर्ने बानी गर्ने ।
- काममा व्यस्त भैरहने जसबाट अनावश्यक खर्च घटाउन मद्दत पुग्दछ ।



- जतिसक्यो छिटो ऋण तिर्ने र बचत बढाउने ।
- सामान किन्दा सकेसम्म सहुलियत मूल्य भएको छनोट गर्ने ।
- हुँदासम्म पुराना सामानहरू मर्मत गरेर प्रयोग गर्ने, नयाँ सामानमा धेरै पैसा खर्च नगर्ने ।
- सरल र सादा जीवन यापनमा जोडदिने ।
- महङ्गाभन्दा सादा र स्वस्थकर खाना खाने बजारका तयारी खानेकुरा किन्नभन्दा घरमा नै बनाई खाने बानी गर्ने ।
- खर्च गर्दा खर्च गर्न लागेको पैसाबाट केही छुट्याई बचतमा राखिहाल्ने ।
- पारीवारिक खर्चको दुरूस्त हिसाव किताव राख्ने ।

### ४.१.३ वित्तीय लक्ष्य प्राप्तिका लागि बचत योजना

आफ्ना वित्तीय लक्ष्य पूरा गर्न कति समय लाग्छ, त्यसको लागि जम्मा कति रकम आवश्यक पर्छ र प्रति महिना कति बचत गर्नुपर्छ त्यसको योजना गर्नु नै बचत योजना हो । बचत योजनाले वित्तीय लक्ष्य पूरा गर्न ठूलो सहयोग पुर्‍याउँछ ।

वित्तीय लक्ष्यको आधारमा निरमाया र सन्तबहादुरको बचत योजनाको उदाहरण -

| वित्तीय लक्ष्य | आवश्यक कूल रकम | आवश्यक पर्ने समय | प्रति महिना आवश्यक बचत |
|---|---|---|---|
| छोराछोरीको पढाई खर्च | ४८००/- | १२ महिना | ४००/- |
| व्यवसाय विस्तार : | | | |
| तरकारी खेती | ८,०४०/- | १ वर्ष पछि | ६७०/- |
| गाई पालन | ३६,०००/- | १८ महिना पछि | २०००/- |
| पक्की घर निर्माण | १,२०,०००/- | ५ वर्षमा | २,०००/- |
| जग्गा खरिद | ७५,६००/- | ६ वर्षमा | १,०५०/- |
| जम्मा आवश्यक रकम | २,३९,६४०/- | | प्रतिमहिना आवश्यक ५,७२०/- |

सहभागीलाई निरमाया र सन्तबहादुरको बचत योजनाको आधारमा आफ्नो परिवारको बचत योजना बनाउन लगाउने -

| बचत लक्ष्य | बचत योजना | | |
|---|---|---|---|
| | आवश्यक कूल रकम | आवश्यक पर्ने समय | प्रति महिना आवश्यक पर्ने बचत |
| | | | |

बचतको योजना पूरा गर्न नियमित बचत गर्नुका अतिरिक्त बचतको सुरक्षण र आवश्यकता अनुसार बचतको प्रयोग गर्न सजिलो हुने गरी बचत सेवाहरू पनि छनोट गर्नु पर्दछ ।

### ४.१.४ बचत गर्ने तरिकाहरू

बचत गर्ने विभिन्न तरिकाहरूप्रचलनमा रहेका छन् । ती तरिकाहरूका केही फाइदा तथा बेफाइदाहरू पनि छन् । त्यसैले तिनका फाइदा तथा बेफाइदाहरूको राम्रो जानकारी लिएरमात्र बचत गर्नुपर्दछ । बचत गर्ने केही तरिकाहरू र तिनका फाइदा तथा बेफाइदाहरू निम्न अनुसार रहेका छन् ।

| बचतका तरिकाहरू | फाइदाहरू | बेफाइदाहरू |
|---|---|---|
| घरमा नै राखिने बचत | • बचत गर्न सजिलो हुन्छ । | • ब्याज आउँदैन ।<br>• चोरी हुन सक्छ ।<br>• अनावश्यक काममा खर्च हुने सम्भावना हुन्छ । |
| समूह वा उपभोक्ता समितिहरूमा गरिने बचत | • राख्न वा झिक्न सजिलो हुन्छ ।<br>• सामूहिक एकतामा मद्दत पुऱ्याउँछ र तोकिए अनुसार ब्याज पाइन्छ । | • पैसाको सुरक्षाको प्रत्याभूति अर्थात् ग्यारेन्टी हुँदैन ।<br>• कसैले खाइदिने वा अपचलन गर्ने सम्भावना धेरै हुन्छ ।<br>• कानूनी मान्यता पाएको हुँदैन । |
| सहकारीमा गरिने बचत | • स्थानीय स्तरमा नै जम्मा गर्न पाइने हुनाले सजिलो हुन्छ ।<br>• सुरक्षित हुन्छ ।<br>• बैङ्कको भन्दा बढी ब्याज पाइन्छ ।<br>• सहकारीका सदस्यहरूसँग मित्रता पनि बढ्छ ।<br>• कानूनी र मान्यता पाएको हुन्छ । | • शेयर सदस्य बन्नु पर्दछ ।<br>• खातामा निश्चित रकम राख्नु पर्ने हुन्छ । |
| बैङ्कहरू तथा अन्य लघुवित्त संस्थाहरूमा गरिने बचत | • पैसाको सुरक्षा हुन्छ ।<br>• बचतमा निश्चित ब्याज पाइन्छ ।<br>• एक ठाउँमा जम्मा गरेपछि अन्य शाखाबाट झिक्ने सुविधा पनि हुन्छ ।<br>• आवश्यकता अनुसार विभिन्न खाताहरू जस्तै - बचत, चल्ती, मुद्दति खोल्न पाइन्छ ।<br>• ए.टी.एम. को प्रयोग गर्न सकिन्छ ।<br>• कानूनी मान्यता पाएको हुन्छ । | • बचतमा कम ब्याज आउँछ ।<br>• जम्मा गर्न तथा झिक्न विभिन्न प्रक्रियाहरू पुरा गर्नुपर्दछ ।<br>• बचत खाताबाट सबै रकम झिक्न पाइँदैन । |

### ४.१.५ मुख्य बचत सेवाहरू र तिनका फाइदाहरू

| बचत सेवा | फाइदाहरू |
|---|---|
| नियमित बचत खाता | यो नियमित रुपमा (दैनिक, साप्ताहिक, मासिक) गरिने बचत हो । आफूलाई आवश्यक पर्दा झिक्न सकिन्छ र ब्याज पनि बढी पाइन्छ । |
| चल्ती बचत खाता | यो चल्ती खाता हो । यसमा ब्याज पाइँदैन तर आकस्मिक र नसोचेको अवस्था आइपर्दा खातामा सञ्चित भएजति रकम नै प्रयोग गर्न सकिन्छ । |
| मुद्दति वा आवधिक बचत खाता | यो निश्चित अवधि तोकेर गरिने वचत हो । यसमा ब्याजदर र बचतको अवधि पहिले नै तोकिएको हुन्छ । यसमा ब्याजदर धेरै हुन्छ । |

यी सबै बचतहरूमा पाकेको ब्याजबाट नेपाल सरकारको नियमानुसार ब्याजकर कट्टी गरिन्छ ।

### ४.१.६ बचत गर्नमा आउने समस्या र समाधानका उपायहरू


#### समस्याहरू

मानिसहरू विभिन्न कारणले बचत गर्न समस्या छ भन्दछन् । जस्तै :

- आफूसँग आम्दानी नै छैन कसरी बचत गर्ने ?
- थोरै बचतले के पो भैहाल्ने हो र ?
- दुःख गरेर राखेको बचत कसैले खाइदियो भने के गर्ने ?
- दैनिक जीविका चलाउनै गाह्रो छ कसरी बचत गर्ने ?
- बचत त धेरै पैसा हुनेले मात्र गर्ने कुरा हो ।
- वित्तीय संस्था डुब्ने, भाग्ने आदि कारणले गर्दा दुःख गरेर गरेको बचत फिर्ता नआउने पनि हुन सक्छ ।



## समाधानका उपायहरू




बचत धनी मानिसले मात्र गर्ने कुरा होइन बरू यो गरिबहरूको साथी हो । लघु वित्तका प्रसिद्ध लेखक स्टुअर्ट रूदर फोर्ड "गरीबहरूले झन् धेरै बचत गर्नु पर्दछ, बचत बिना उनीहरूको भविष्य सुरक्षित हुन सक्दैन" भन्दछन् । आजभोलि बचतको हिसाव राख्ने भरपर्दो र पारदर्शी प्रणाली भएको र बचत पासबुक पनि हुने हुनाले आफ्नो बचत कसैले खाइदिने सम्भावना पनि हुँदैन । बचत गर्न ठूलै आम्दानी चाहिन्छ भन्ने पनि छैन । आफूले गर्ने गरेको फजुल खर्च घटाउने र अलि बढी दुःख गरेर काम गर्ने बानी गर्ने हो भने बचत गर्ने पैसाको अभाव हुँदैन । बचत भन्ने कुरा पैसाभन्दा पनि मनको अठोट र अनुशासनको कुरा हो । थोरै आम्दानी हुनेले पनि भविष्यको सुरक्षाको लागि बचत गर्ने बानी बसालिहाल्नु पर्छ । आजको साना बचतले भोलिको ठूलो समस्या टार्दछ ।

बचत गर्नभन्दा पहिले आफूले बचत गर्न लागेको वित्तीय संस्था कस्तो हो त्यस बारे पूर्ण जानकारी लिनु आवश्यक छ । सही वित्तीय संस्थाको छनोट गरी बचत गर्दा बचतको सुरक्षा हुने, ब्याज पनि धेरै पाइने र आफ्नो आवश्यकतामा बचतको प्रयोग गर्न पनि सजिलै पाइने हुन सक्दछ ।

## बचतको बृद्धि र यसको प्रभाव

यदि प्रति महिना रू.५००।-बचत गरियो भने वार्षिक १२ प्रतिशत ब्याजको हिसाबमा प्रतिवर्ष त्यो कसरी वृद्धि हुँदै जानेरहेछ र ५० बर्षमा कति पुग्ने रहेछ तलको तालिका हेरौं ।

| बर्ष | सावाँ | ब्याज हिसाबको औषत रकम | ब्याज | कुल रकम |
|---|---|---|---|---|
| १ | ६००० | ३००० | ३६० | ६३६० |
| २ | १२३६० | ९३६० | ११२३ | १३४८३ |
| ३ | १९४८३ | १६४८३ | १९७८ | २१४६१ |
| ४ | २७४६१ | २४४६१ | २९३५ | ३०३९७ |

| बर्ष | सावाँ | व्याज हिसाबको औषत रकम | व्याज | कुल रकम |
|---|---|---|---|---|
| ५ | ३६३९७ | ३३३९७ | ४००८ | ४०४०४ |
| ६ | ४६४०४ | ४३४०४ | ५२०८ | ५१६१३ |
| ७ | ५७६१३ | ५४६१३ | ६५५४ | ६४१६६ |
| ८ | ७०१६६ | ६७१६६ | ८०७० | ७८२२६ |
| ९ | ८४२२६ | ८१२२६ | ९७४७ | ९३९७३ |
| १० | ९९९७३ | ९६९७३ | ११६३७ | १११६१० |
| ११ | ११७६१० | ११४६१० | १३७५३ | १३१३६३ |
| १२ | १३७३६३ | १३४३६३ | १६१२४ | १५३४८७ |
| १३ | १५९४८७ | १५६४८७ | १८७७८ | १७८२६५ |
| १४ | १८४२६५ | १८१२६५ | २१७५२ | २०६०१७ |
| १५ | २१२०१७ | २०९०१७ | २५०८२ | २३७०९९ |
| १६ | २४३०९९ | २४००९९ | २८८१२ | २७१९११ |
| १७ | २७७९११ | २७४९११ | ३२९८९ | ३१०९०० |
| १८ | ३१६९०० | ३१३९०० | ३७६६८ | ३५४५६८ |
| १९ | ३६०५६८ | ३५७५६८ | ४२९०८ | ४०३४७६ |
| २० | ४०९४७६ | ४०६४७६ | ४८७७७ | ४५८२५४ |
| २१ | ४६४२५४ | ४६१२५४ | ५५३५० | ५१९६०४ |
| २२ | ५२८६०४ | ५२२६०४ | ६२७१२ | ५८८३१६ |
| २३ | ५९४३१६ | ५९१३१६ | ७०९५८ | ६६५२७४ |
| २४ | ६७१२७४ | ६६८२७४ | ८०१९३ | ७५१४६७ |
| २५ | ७५७४६७ | ७५४४६७ | ९०५३६ | ८४८००३ |
| २६ | ८५४००३ | ८५१००३ | १०२१२० | ९५६१२४ |
| २७ | ९६२१२४ | ९५९१२४ | ११५०९५ | १०७७२१९ |
| २८ | १०८३२१९ | १०८०२१९ | १२९६२६ | १२१२८४५ |
| २९ | १२१८८४५ | १२१५८४५ | १४५९०१ | १३६४७४६ |
| ३० | १३७०७४६ | १३६७७४६ | १६४१३० | १५३४८७६ |
| ३१ | १५४०८७६ | १५३७८७६ | १८४५४५ | १७२५४२१ |
| ३२ | १७३१४२१ | १७२८४२१ | २०७४११ | १९३८८३१ |
| ३३ | १९४४८३१ | १९४१८३१ | २३३०२० | २१७७८५१ |

| बर्ष | सावाँ | व्याज हिसाबको औषत रकम | व्याज | कुल रकम |
|---|---|---|---|---|
| ३४ | २१८३८५१ | २१८०८५१ | २६१७०२ | २४४५५५३ |
| ३५ | २४५१५५३ | २४४८५५३ | २९३८२६ | २७४५३८० |
| ३६ | २७५१३८० | २७४८३८० | ३२९८०६ | ३०८११८५ |
| ३७ | ३०८७१८५ | ३०८४१८५ | ३७०१०२ | ३४५७२८८ |
| ३८ | ३४६३२८८ | ३४६०२८८ | ४१५२३५ | ३८७८५२२ |
| ३९ | ३८८४५२२ | ३८८१५२२ | ४६५७८३ | ४३५०३०५ |
| ४० | ४३५६३०५ | ४३५३३०५ | ५२२३९७ | ४८७८७०१ |
| ४१ | ४८८४७०१ | ४८८१७०१ | ७८५८०४ | ५४७०५०६ |
| ४२ | ५४७६५०६ | ५४७३५०६ | ६५६८२१ | ६१३३३२६ |
| ४३ | ६१३९३२६ | ६१३६३२६ | ७३६३५९ | ६८७५६८५ |
| ४४ | ६८८१६८५ | ६८७८६८५ | ८२५४४२ | ७७०७१२८ |
| ४५ | ७७१३१२८ | ७७१०१२८ | ९२५२१५ | ८६३८३४३ |
| ४६ | ८६४४३४३ | ८६४१३४३ | १०३६९६१ | ९६८१३०४ |
| ४७ | ९६८७३०४ | ९६८४३०४ | ११६२११६ | १०८४९४२१ |
| ४८ | १०८५५४२१ | १०८५२४२१ | १३०२२९० | १२१५७७११ |
| ४९ | १२१६३७११ | १२१६०७११ | १४५९२८५ | १३६२२९९६ |
| ५० | १३६२८९९६ | १३६२५९९६ | १६३५१२० | १५२६४११६ |

वास्तवमा अहिले दुःख गरेर गरेको थोरैमात्र बचतले पनि भविष्यमा ठूलो सहयोग गर्दछ । १२ प्रतिशत ब्याज पाउने गरी मासिक रू. ५००/- मात्र जम्मा गर्दै गए पनि ५० वर्षमा झण्डै रू. १,५२,६४,११६/- हुन्छ । यो बचत बृद्धिको उदाहरण हो । सामान्यतया १० वर्षबाट नै कुनै व्यक्तिको बचत आरम्भ गरियो भने ६० वर्ष पुग्दा रू. १,५२,६४,११६/- हुन्छ र त्यसले जीवनलाई सुरक्षित बनाउँछ । यसरी गरिने बचतको प्रयोग ५० वर्ष पुगेपछि मात्र गर्नुपर्छ भन्ने छैन । जम्मा भएको बचतको प्रयोग नियम अनुसार जनुसुकै उमेर वा अवस्थामा प्रयोग गर्न सकिन्छ ।

५

खण्ड पाँच

# पारीवारिक बजेट

## ५.१ पारीवारिक बजेटको परिचय र महत्व

एउटा निश्चित अवधि (महिना, वर्ष आदि) को आम्दानी र खर्चको अनुमानित विवरण बजेट हो । बजेटमा कहाँ कहाँबाट कति कति आम्दानी हुन्छ र कुन कुन काममा कति कति खर्च हुन्छ त्यसको अनुमानित विवरण दुरूस्त देखाइएको हुन्छ । जुनसुकै देशको, जुनसुकै सहकारीको वा वित्तीय संस्थाहरु अन्य संघसंस्था आदि सबैको आफ्नै आफ्नै बजेट हुन्छ । एउटा परिवारमात्रको बजेट चाहिँ पारीवारिक बजेट हो । बजेट निर्माणले परिवारको आम्दानी खर्च व्यवस्थापनमा ठूलो सहयोग पुर्‍याउँछ । वित्तीय लक्ष्य पूरा गर्ने बलियो आधार बजेट हो । त्यसैले हरेक परिवारले आफ्नो पारिवारिक बजेट बनाउनु पर्दछ ।



बजेट निर्माण गर्नुभन्दा अगाडि खर्चहरूको वर्गीकरण गर्नुपर्छ । जीवन जीविकाका लागि नभै नहुने खर्चहरु जस्तै खाद्यान्न, लत्ताकपडा, छोराछोरीको पढाइ आदि खर्चहरु अत्यावश्यक खर्च हुन् । खर्चको योजना गर्दा यस्ता खर्चहरूलाई पहिलो प्राथमिकतामा राख्नु पर्दछ । भ्रमण, मनोरञ्जन, महङ्गा पोशाकहरु साथै चाडबाडका भड्किला खर्चहरु आदि मानिसका चाहना वा रहर हुन् । खर्चको योजनामा यस्ता खर्चहरूलाई कम प्राथमिकता दिनु पर्दछ । आम्दानी भन्दा खर्च कम भएको बजेट असल बजेट हो ।

## ५.२ बजेट निर्माण गर्दा ध्यान दिनु पर्ने कुराहरू




(क) बजेट बनाउनु भन्दा पहिले आफ्नो आम्दानी के के बाट हुन्छ ? के के मा खर्च हुन्छ ? त्यसको हिसाव किताब गर्नुपर्दछ ।

(ख) आफ्ना आवश्यकताहरूको वर्गिकरण गर्नु पर्दछ र कुन चाहिँ पहिला पूरा गर्नुपर्ने हो त्यसलाई प्राथमिकतामा राख्नु पर्दछ ।

(ग) बजेट आफ्नो अवस्था अनुसार यथार्थ हुनु पर्दछ ।

(घ) बजेट बनाउँदा नियमित रूपमा गर्नुपर्ने बचत र ऋणको भुक्तानीलाई विर्सनु हुँदैन ।

### आम्दानी खर्चको लेखाजोखा

निरमाया र सन्तबहादुरले दूध बेचर दैनिक रू. १२०/- कमाउँछन् । तरकारी बिक्रीबाट रू. १००/- आउँछ । ज्याला मजदुरी गरी दैनिक सरदर रू. १००/- नै आउँछ । उनीहरु छोराछोरीको पढाइमा मासिक ३,५००/- खर्च गर्दछन् । गाईलाई खुवाउनु पर्ने दानाको लागि मासिक रू. २,७००/- तिर्नु पर्दछ । परिवारको जीविकाको खर्च जस्तै : खाद्यान्न खरिद, लत्ता कपडा, लगायतका अति आवश्यक घर खर्चका लागि रू. ४,५००/- खर्च हुन्छ । अस्थायी घर मर्मत गर्दा साहूसँग लिएको ऋण सापटीको किस्ता सावाँब्याज गरी मासिक रू. २,२००/- बुझाउनु पर्दछ । त्यस बाहेक मासिक बचत रू. १५०/- गर्दछन् र आकस्मिक कोषमा रू. १००/- पनि बुझाउनु पर्दछ । हरेक महिना चुरोट आदिमा रू. १,५०० खर्च हुन्छ ।



**सन्तबहादुर र निरमायाको एक महिनाको आम्दानी खर्च विवरण**

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| आम्दानीका शीर्षक | रकम रू. | खर्चका शीर्षक | रकम रू. |
| दूध बिक्रीबाट | ३,६०० | पढाइ खर्च | ३,५०० |
| तरकारी बिक्रीबाट | ३,००० | गाईलाई दाना | २,७०० |
| ज्याला मजदुरी | ३,००० | चुरोट आदिको खर्च | १,५०० |
| | | जीविकाको खर्च (खाद्यान्न आदि) | ४,५०० |
| | | मासिक ब्याज | २,२०० |
| | | आकस्मिक कोष र बचत | २५० |
| जम्मा आम्दानी | ९,६०० | जम्मा खर्च | १४,६५० |

जम्मा आम्दानी ९,६००/- जम्मा खर्च १४,६५०/-

मासिक नपुग खर्च ५,०५०/-

निरमाया र सन्तबहादुरको मासिक आम्दानीभन्दा खर्च धेरै देखिन्छ । यस्तो अवस्थामा अब उनीहरूले के गर्नुपर्ला भनी सहभागीलाई छलफल गराउने । छलकल पनि तलको निष्कर्ष बताउने ।

(अन्न धेरै उत्पादन गरेर खाद्यान्न किन्ने खर्च घटाउनु पर्छ र चुरोट आदिको खर्च सबै बन्द गर्नुपर्छ ।)

### अभ्यास

निरमाया र सन्तबहादुरको उदाहरणको आधारमा सहभागीलाई एक महिनाको आफ्नो वास्तविक आम्दानी खर्च विवरण तलको तालिकामा भर्न लगाउने ।

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| शीर्षक | रकम रू. | शीर्षक | रकम रू. |
| | | | |
| | | | |

### आवश्यक तथा अनावश्यक खर्चहरू




आफ्नो आम्दानीभन्दा खर्च धेरै भएकोले निरमाया र सन्तबहादुरले खर्च घटाउने उपाय खोजे । उनीहरू अझ दुःख गरेर काम गर्दछन् र अन्नको उत्पादन बढाउँछन् । सन्तबहादुरले चुरोट खान बन्द गरे । दिनरातको कडा परिश्रमले उनीहरूको जीवन जीविकामा क्रमशः ठूलो सघाऊ पुऱ्याउँदै गएको छ । तर बजारको नजिकै घर भएकोले कहिले काहीँ परिवारका सबै मिलेर सिनेमा हेर्न जान्छन् । बजारबाट फर्कदा सन्तबहादुर कहिले चाउचाउ र कोकाकोला पनि किनेर ल्याउँछन् । सन्तबहादुरले भर्खरै एउटा मोबाइल फोन किनेका छन् । अहिले सानोतिनो काममा पनि मोबाइल नै प्रयोग गर्दछन् । २ दिन अगाडि दूध र तरकारीको भुक्तानी लिएको दिन सन्तबहादुरले दूध राख्ने एउटा क्यान, तरकारी सिँचाइ गर्न १०० मिटर पाइप र २ वटा हजारीसमेत किने ।

### अभ्यास

(क) सहभागीलाई निरमाया र सन्तबहादुरका आवश्यक खर्चहरु र अनावश्यक खर्चहरु छुट्याउन लगाउने ।

| | आवश्यक खर्चहरू | | अनावश्यक खर्चहरू |
|---|---|---|---|
| १. | -- -- -- -- -- -- -- -- -- -- | १. | -- -- -- -- -- -- -- -- -- -- |
| २. | -- -- -- -- -- -- -- -- -- -- | २. | -- -- -- -- -- -- -- -- -- -- |
| ३. | -- -- -- -- -- -- -- -- -- -- | ३. | -- -- -- -- -- -- -- -- -- -- |
| ४. | -- -- -- -- -- -- -- -- -- -- | ४. | -- -- -- -- -- -- -- -- -- -- |
| ५. | -- -- -- -- -- -- -- -- -- -- | ५. | -- -- -- -- -- -- -- -- -- -- |

(ख) आफ्नो वित्तीय लक्ष्य पूरा गर्न निरमाया र सन्तबहादुरले अब के गर्नु पर्ला ? भनी सहभागीलाई सोध्ने ।

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

निरमाया र सन्तबहादुरका आवश्यक खर्च र अनावश्यक खर्चहरूलाई उदाहरण मानेर आफ्ना आवश्यकताहरूलाई वर्गिकरण गर्नु पर्दछ र सोही अनुसार आफ्नो बजेटमा राख्नुपर्दछ ।

## ५.३ पारीवारिक बजेट निर्माण अभ्यास

### निरमाया र सन्तबहादुरको पारीवारिक बजेटको उदाहरण

| क्र.सं. | आम्दानी विवरण | रकम | क्र.सं. | खर्च विवरण | रकम |
|---|---|---|---|---|---|
| १. | खाद्यान्न बिक्रीबाट धान, मकै, गहुँ) | २,५०० | १. | जीविकोपार्जनको खर्च (दाल, चाम, नुन, तेल आदि ।) | ३,५०० |
| २. | तरकारी बिक्रीबाट आलु, काउली, बन्दा) | ३,००० | २. | लत्ता कपडा शुल्क | १,५०० |
| ३. | दूध बिक्रीबाट | १,५०० | ३. | छोराछोरीको पढाई शुल्क | ३,६०० |
| ४. | ज्याला मजदुरीबाट | २,००० | ४. | औषधी, उपचार | ५०० |
| ५. | अन्य शीर्षकहरूबाट | २,५०० | ५. | चाड पर्व | ७०० |
| | | | ६. | मोबाइल | ५०० |
| | | | ७. | अन्य खर्चहरु | १,००० |
| | जम्मा आम्दानी | ११,५०० | | जम्मा खर्च | ११,३०० |

### अभ्यास

माथिको बजेटको उदाहरणका आधारमा सहभागीलाई आफ्नो एक महिनाको पारिवारीक बजेट बनाउन लगाउने ।

| आम्दानीका शीर्षक | रकम रू. | खर्चका शीर्षक | रकम रू. |
|---|---|---|---|
| | | | |
| जम्मा आम्दानी | | जम्मा खर्च | |

- बजेत आफ्नो क्षमता अर्थात् गच्छे अनुसार वास्तविकताको आधारमा बनाउनु पर्दछ ।
- बजेट बनाएपछि त्यसको राम्रोसँग पालना गर्नुपर्दछ ।
- बजेट आफ्नो वित्तीय लक्ष्यको आधारमा बनाउनु पर्दछ ।
- दैनिक आम्दानी र खर्चको हिसाब राख्ने बानीले बजेटको पालनामा सघाउँछ ।
- बेला बेलामा बजेटको पालना भएको नभएको निरीक्षण गर्नु पर्छ ।
- बजेट बनाउन धेरै पढेलेखेको मानिस नै चाहिन्छ भन्ने छैन आफ्नो आम्दानी खर्चको अनुमान र त्यसको हिसाब जो कोही मानिसले पनि राख्न सक्दछ ।

# ऋण

६

खण्ड छ

## ६.१. ऋणको परिचय र महत्व

### परिचय

एउटा निश्चित अवधि पछि तोकिएको ब्याजसहित फिर्ता गर्ने सर्तमा लिइएको रकमलाई ऋण भनिन्छ । कुनै व्यवसाय सञ्चालनका लागि लगानी गर्न, पहिल्यै नसोचिएका घटना वा आकस्मिक समस्या समाधान गर्न र उपभोग गर्न ऋण लिने गरिन्छ । जीवनकालका आफ्ना आवश्यकताहरु पूरा गर्न आफ्नो पूँजी पर्याप्त नभएको अवस्थामा मानिसहरु ऋण लिने गर्दछन् ।

### महत्व

- कुनै व्यवसाय सञ्चालन वा अन्य कुनै काममा आफूसँग भएको पैसा वा आम्दानीले पुगेन भने थप एकमुष्ट पैसा पाउन ऋणले सहयोग गर्दछ ।
- कुनै आकस्मिक अवस्थामा पैसा चाहिएको बेला समस्या टार्न ऋणले मद्दत पुऱ्याउँछ ।
- उत्पादनमूलक काम वा कुनै आम्दानी बढ्ने कामको लागि लिइएको ऋणले पारिवारीक सुख निम्त्याउँछ ।
- ऋणले नयाँ नयाँ व्यवसाय सञ्चालन गर्न र सफलताको लागि चुनौति लिन सिकाउँछ ।

ऋण



छोराछोरी ठूला हुँदै गएपछि पढाइ खर्च र अन्य खर्च पनि थपिँदै गएकोले निरमाया र सन्तबहादुरलाई तरकारी खेती बढाउन अनि एउटा दुहुनो गाई पनि थप्नका लागि रू. २५,०००/- ऋण चाहिने भयो । उनीहरूले सहकारीमा निवेदन दिए । सहकारीले उनीहरूको व्यवसायको योजना हेरेर, उनीहरूको इमान्दारीता र ऋण तिर्न सक्ने क्षमता विचार गरेर १८ महिनाभित्र सावाँ अनि वार्षिक १२ प्रतिशत ब्याजसहित ६ किस्तामा ऋण भुक्तानी गरिसक्ने सर्तमा ऋण दियो । ऋण लिएपछि उनीहरूले झन् धेरै परिश्रम गरी काम गरे र तोकिएकै समयमा सबै ऋण भुक्तानी गरिसके । अहिले उनीहरूसँग २ वटा दुहुना गाई छन् । तरकारी बारी छ । दूध तथा तरकारी उत्पादन र बजार गर्नका लागि केही सामानहरु पनि छन् ।

जुन ऋण आम्दानी बढ्ने काममा लगाइन्छ र आफ्नो अवस्थालाई माथि उठाउन सघाउँछ । त्यस्तो ऋण असल ऋण हो । जुन ऋण उपभोगमा सकिनछ, जसले खर्च बढाउँछ र आफ्नो अवस्थालाई झन् बिगार्दै लैजान्छ त्यस्तो ऋण खराब ऋण हो ।

ऋणको किस्ता र ब्याज समयमा तिर्न सकिएन भने यस्तो ऋणी खराब ऋणी हुन्छ र उसलाई ऋणको कालो सूचीमा राखिन्छ । त्यस अवस्थामा ऋण सेवा प्रदायकले फेरि फेरि ऋण पत्याउँदैन र आफ्नो इज्जत प्रतिष्ठा घट्छ; धितो गुम्न सक्छ । त्यसैले ऋण सकेसम्म आम्दानी हुने काममा लगाउनु पर्दछ र ऋण लिनु अघि नै ऋण तिर्ने स्रोतहरू के के हुन सक्दछन् । त्यो राम्ररी विचार गर्नु पर्दछ । जुन जुन अवस्थामा आफूसँग पैसा हुन्छ ऋणको किस्ता भुक्तानीको लागि त्यही समय मिलाउनुले ऋण तिर्न सजिलो बनाउँछ । त्यसैले जागिर, ज्याला मजदुरी, व्यवसाय आदिबाट पैसा आउने समय र ऋणको किस्ता भुक्तानीको समय सकेसम्म मिलाउनु पर्छ । त्यसका साथै ऋण भुक्तानीका लागि आम्दानीको एउटामात्र स्रोतमा भरपर्नु हुँदैन, विभिन्न स्रोतहरूको निर्माण गर्नुपर्दछ ।

## ६.२ वित्तीय सेवा प्रदायकहरू र तिनका फाइदा बेफाइदा

### वित्तीय सेवा प्रदायकहरू

बचत ऋण आदि वित्तीय सेवाहरु दिने व्यक्ति, समूह वा संस्थाहरु वित्तीय सेवा प्रदायक हुन् । सरकारी निकायमा दर्ता भएका र सरकारबाट नियमित अनुगमन गरिने सेवा प्रदायकहरु औपचारिक वित्तीय सेवा प्रदायक हुन् र सरकारी निकायमा दर्ता नभएका र सरकारबाट नियमित अनुगमन नगरिने सेवा प्रदायकहरु अनौपचारिक वित्तीय सेवा प्रदायक हुन् । वित्तीय सेवा लिनुभन्दा अगाडि यस्ता सेवा प्रदायकका फाइदा तथा बेफाइदाको राम्रो जानकारी लिनुपर्दछ ।



| वित्तीय सेवा प्रदायकहरू | फाइदा | बेफाइदा |
|---|---|---|
| **औपचारिक :**<br>वाणिज्य बैंकहरु, लघुवित्त बैंकहरु, सहकारीहरु आदि । | • सरकार र केन्द्रीय बैंकको नियम अनुसार सञ्चालित हुन्छन् र विश्वासिला हुन्छन् ।<br>• बचत तथा ऋणका विभिनन सेवाहरु छनोट गर्न पाईन्छ ।<br>• ऋण परियोजनाको मूल्याङ्कन हुन्छ र उत्पादनशील काममा प्रेरणा हुन्छ । ब्याजदर निश्चित हुन्छ ।<br>• ऋणको सही सदुपयोग भएको छ/छैन अनुगमन हुन्छ । | • आफ्नो तत्कालको आवश्यकता पूरा नहुन सक्छ ।<br>• खाता खोल्न वा सदस्य बन्नु पर्ने हुन सक्छ ।<br>• आफूले चाहे अनुसार खर्च ऋण पाइँदै न ।<br>• वित्तीय प्रदायकको नीति नियमानुसार आवश्यक कागजी प्रकृया पूरा गर्नुपर्ने हुन्छ । |
| **अनौपचारिक :**<br>साथीभाइ, साहू महाजन, समूहहरु, उपभोक्ता समूहरू आदि । | • स्वतन्त्र रूपले इच्छा लागेको काममा खर्च गर्न सकिन्छ ।<br>• ऋण लिनु र तिर्न कुनै प्रक्रिया पूरा गर्नु पर्दैन, सजिलो हुन्छ । | • ब्याजदर चर्को हुन्छ ।<br>• विश्वासिलो वा नीति नियम अनुसार हुँदैन ।<br>• पैसाको ब्याजसँगमात्र सरोकार राख्छ, ऋणीको उन्नतिप्रति चासो राख्दैन । |


## वित्तीय सेवा प्रदायकहरू छनोट गर्दा ध्यान दिनु पर्ने कुराहरू

- वित्तीय सेवा प्रदायक औपचारिक हो कि अनौपचारिक हो ?
- आफ्नो घरबाट सेवा प्रदायकसम्मको दुरी कति छ ? जान आउन कति समय लाग्छ ?
- आफ्नो वित्तीय लक्ष्य अनुसार ऋण पाउन सकिन्छ कि सकिँदैन ?
- सेवा लिन झन्झटिलो छ वा छैन ?
- ब्याजदर कति छ र किस्ता र ब्याजको हिसाव कत्तिको पारदर्शी छ ?
- किस्ता भुक्तानीका लागि छुट समय पाइन्छ वा पाइँदैन ?
- जरिवानाहरूको व्यवस्था कस्तो छ ?
- कर्मचारीहरूको व्यवहार कस्तो छ ?




सेवा प्रदायक संस्था छनोट गर्दा माथिका कुराहरूमा अनिवार्य रूपमा विचार गर्नुपर्दछ । कुनै सेवा प्रदायकले आफूतिर आकर्षित गर्न विभिन्न बनावटी कुरा पनि गर्न सक्दछन् । त्यसैले आफ्ना विश्वासिला र जानकार मानिससँग सल्लाह लिइ सेवाप्रदायक छनोट गर्दा धेरै फाइदा हुन्छ ।

## ६.३ भाखा नाघेको ऋणको व्यवस्थापन



वित्तीय लक्ष्य निर्धारण पारीवारिक बजेट निर्माण खर्चमा अनुशासन र पैसाको राम्रो व्यवस्थापनले निरमाया र सन्तबहादुरको जीवन अहिले सुखी छ । छोराछोरीले राम्रो स्कूलमा पढ्न थालेका छन् । सहकारीमा नियमित बचत रकम धेरै नै पुगिसकेको छ । गएको दुई महिनाबाट ऐच्छिक बचत पनि गर्न थालकेका छन् । यसै महिना गाई किन्न र तरकारी खेती बढाउन लिएको ऋणको सबै किस्ता उनीहरूले भुक्तानी गरिसकेका हुन् । आफ्ना दुईवटा गाईको विमा पनि गराएका छन् र ढुक्कसँग दिन बिताएका छन् ।

एकदिन बिहान रामप्रसाद सन्तबहादुरको घरमा आए । रामप्रसाद सन्तबहादुरका छिमेकी थिए । उनी मानसिक तनावमा देखिन्थे । १ वर्ष अगाडि उनले बाख्रा पाल्न भनेर बैंकबाट रू. ३०,०००/- ऋण लिएका रहेछन् । त्यो रकममध्ये केही बाख्रा किन्न खर्च गरेछन् र केही अनावश्यक खर्चमा सिद्ध्याएछन् । त्यो कुरा उनका परिवारलाई पनि थाहा थिएन । व्यवसायमा ध्यान नदिएकोले बाख्रा पालन पनि राम्रो थिएन । अरु आम्दानीका स्रोतहरूको खोजी नगरेकोले र ऋणको किस्ता भुक्तानीको योजना पनि नगरेको हुनाले ऋण तिर्न नसकी उनी अहिले बैंकको कालो सूचीमा खराब ऋणी) परेका थिए । ऋण जमानीमा बसेका व्यक्ति र बैंकका कर्मचारीबाट ऋण तिर्न दबाब परेको र समाजबाट आफ्नो इज्जत गुमेकोले उनी मानसिक तनावको अवस्थाका थिए । बैंकले धितो लिलामी गर्ने जनाकारीसमेत गराइ सकेकोले उनले अर्कै बैंकबाट ऋण लिई पहिलेको ऋण तिर्ने सोच बनाए । तर उनले पहिलो बैंकमा ऋण नतिरेको जानकारी सबै बैंकहरूलाई भैसकेको र उनी ऋणको कालो सूचीमा परिसकेको हुनाले अन्य बैंकहरूले पनि उनलाई ऋण दिएनन् ।

कहिले काहीँ आफूले नचाहँदा नचाहँदै पनि ऋणको भाखा नाघ्न सक्दछ । जीवनका सबै परिस्थितिहरु आफूले चाहे जस्ता हुँदैनन् । अकस्मात् परिवारका सदस्य वा आफै बिरामी पर्ने, आफूले गरेको व्यवसाय बिग्रने, नसोचेको जोखिमको अवस्था आइपर्ने आदि जस्ता धेरै कारणले कहिले काहीँ समयमा ऋण भुक्तानी गर्न गाह्रो हुन्छ । कहिलेकाहीं त निश्चित्

व्यवसायमा नभै अरु नै काममा पैसाको प्रयोग गर्ने, ऋण भुक्तानी तालिकाको ख्याल नगर्ने, परिश्रमपूर्वक काम नगर्ने, पैसाको व्यवस्थापनमा इमान्दार र अनुशासित नहुने जस्ता आफ्नै लापर्वाही वा कमजोरीका कारणले पनि मानिस समयमा ऋण भुक्तानी गर्न नसकी ऋणी ऋणको कालो सूचीमा पर्न जान्छ । यस्तो अवस्थालाई पहिल्यै राम्ररी ख्याल गरेर ऋणको व्यवस्थापन गर्नु जरूरी हुन्छ । भाखा नाघेको ऋणको राम्रो व्यवस्थापन गर्ने केही उपायहरु निम्न अनुसार हुन सक्दछन् ।

- ऋण तिर्न नसक्नुको वास्तविक कारण आफ्नो कमजोरी हो अथवा कुनै अन्य जोखिम वा प्राकृतिक प्रकोप आदिको कारण हो, त्यसको राम्ररी विश्लेषण गर्ने ।
- इमान्दारीतापूर्वक ऋण सेवा प्रदायकलाई आफूले ऋण तिर्न नसक्नाको कारण बताउने र निश्चित समयमा तिरिसक्ने कुरा जानकारी गराउने ।
- ऋणको किस्ता तिर्ने समय र किस्ता तिर्न लाग्ने पैसाको राम्रो ख्याल गर्ने ।
- खर्चमा मितव्ययी र अनुशासित हुने ।
- आम्दानी बढाउने विभिन्न कामको थालनी गर्ने र बढी परिश्रमपूर्वक काम गर्ने ।
- अन्य खर्चहरु कटाएर भए पनि ऋण तिरीहाल्ने ।

**अभ्यास**

(क) ऋण तिर्न नसक्दा के के हुने रहेछ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(ख) भाखा नाघेको ऋण व्यवस्थापन गर्ने उपायहरू के के हुन सक्दछन् ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(ग) सन्तबहादुरका छिमेकी रामप्रसादले ऋणको कालोसूचीबाट छुट्न के के गर्नुपर्छ जस्तो लाग्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(घ) ऋणको भाखा नाघेर कालोसूचीमा परेका व्यक्तिलाई तपाईं के सल्लाह दिनुहुन्छ ?

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

७ खण्ड सात

# बिमा

## ७.१ बिमाको परिचय र महत्त्व

### परिचय

मानिसका जीवनमा कहिलेकाहीँ सोच्दै नसोचेका घटनाहरु अकस्मात् आइपर्दछन् । तिनलाई विपत्ति वा जोखिम भनिन्छ । विपत्ती वा जोखिम कुनै आफ्नै असाबधानिका कारणले पर्न आउँछन् र कुनै प्राकृतिक कारणले पर्न आउँछन् । बाढी पहिरो, आगलागी, भूकम्प, रोगलाग्नु, चोरी हुनु, पशुधन वा बालीनालीको क्षति हुनु सबै विपत्ति वा जोखिम हुन् । यसबाट धनजनको नोक्सानी भै ठूलो समस्या पर्न सक्दछ । जोखिमलाई पूरै हटाउन नसकेपनि त्यसबाट हुने नोक्सानीलाई कम गर्ने केही उपायहरु छन् । ती उपायहरू बचत गर्नु, पूर्व साबधानी अपनाउनु, बिमा गर्नु आदि हुन् । यसरी जोखिमबाट हुने समस्यालाई कम गर्ने उपायहरु मध्ये बिमा पनि एउटा राम्रो उपाय हो ।




कुनै आकस्मिक दुर्घटना पर्न गएमा निश्चित शर्तको आधारमा कुनै विमा कम्पनीबाट पूरै वा आंशिक क्षति बेहोरिदिने व्यवस्थालाई बिमा भनिन्छ । यस्तो क्षति बेहोरेवापत बिमितले बिमा कम्पनीलाई मासिक/बार्षिक रूपमा केही रकम किस्ता (Premium) को रूपमा बुझाउनु पर्दछ ।

विभिन्न बिमा सेवा प्रदायकहरूले जीवन बिमा, दुर्घटना बिमा, पशु बिमा, बाली बिमा आदिको व्यवस्था गरेका छन् । त्यस्ता सेवा प्रदायकहरूले दिने सेवा र शर्तहरूको जनाकारी लिई उपयुक्त बिमा सेवा लिँदा भविष्यमा आइपर्न सक्ने आकस्मिक समस्याबाट बच्न सकिन्छ ।

| जीवन बिमाका प्रकार | सेवाहरू |
|---|---|
| (क) आजीवन जीवन बिमा | बिमाशुल्क कम हुन्छ र उमेर अनुसार फरक पर्छ । बिमाङ्कमा वोनस पाइन्छ । |
| (ख) आवधिक जीवन बिमा | बिमा शुल्क बढी हुन्छ र उमेर अनुसार फरक पर्छ । वृद्ध अवस्था हुँदा सहयोग पुग्छ । बिमित रकमसँगै बोनस पनि पाइन्छ । |
| (ग) व्यक्तिगत दुर्घटना बिमा तथा अन्य प्राकृतिक प्रकोप दुर्घटना बिमा, वस्तु विमा | बिमा शुल्क थोरै हुन्छ । दुर्घटनामा परी घाइते भएमा वा दुर्घटना भएमा क्षतिपूर्ति पाइन्छ । तर बिमा अवधि पछि माथिका जीवन बिमामा जस्तै विमाङ्क रकम र बोनस पाइँदैन । |

## बिमाको महत्त्व




(क) बिमाले अचानक आइपर्ने विपत्तिबाट पर्ने समस्याबाट बच्न ठूलो मद्दत गर्दछ ।

(ख) जीवन बिमा गर्दा जीवितै हुँदा आफैलाई फाइदा हुन्छ र आफू मरे पनि सन्तानले फाइदा पाउँछन् ।

(ग) जीवन बिमा गर्नाले पैसाको बचत हुन्छ र बिमाको अवधि पश्चात् वोनस समेत जोडेर फिर्ता पाइन्छ ।

(घ) बिमा जोखिम वा विपत्तिबाट बच्ने उत्तम उपाय हो ।

(ङ) नेपालमा आजभोलि पशु बिमा, बालीनाली बिमा, स्वास्थ्य बिमा आदिको पनि व्यवस्था गरिएको छ ।

## अन्य बिमा सेवाहरु

जीवन बिमा बाहेक आजभोलि स्वास्थ्य, पशु, बालीनाली आदिको पनि बिमा गर्न थालिएको छ । ती बिमाहरूको बारेमा राम्रो जानकारी राखेर आफूलाई उपयुक्त हुने सेवा लिएमा भविष्यमा पर्न आउने समस्याबाट बच्न सकिन्छ । जस्तै :

(क) स्वास्थ्य बिमा - निश्चित शर्तहरूको आधारमा मानिसलाई स्वास्थ्य सेवा प्रदान गर्ने तरिका स्वास्थ्य विमा हो । यस्तो बिमा गरेपछि बिरामी हुँदा लाग्ने खर्चको सबै वा आंशिक रकम बिमा सेवा प्रदायकले तिर्ने हुन्छ । हाल नेपाल सरकारले धकेही जिल्लाहरूबाट स्वास्थ्य बिमा शुरू गरेको छ र केही वर्ष भित्र देशभरि नै यसलाई विस्तार गर्ने लक्ष्य राखेको छ ।




(ख) पशु बिमा - निश्चित शर्तहरूको आधारमा पशुधनको बिमा गर्ने तरिका पशु बिमा हो । पशुमुल्यको १० देखि १५ प्रतिशतसम्म बिमा शुल्क बुझाएपछि एक वर्ष भित्रका पशुको मृत्यु भएमा बिमा सेवाप्रदायकले सामान्यतय सम्बन्धित पशुको कूल मूल्यको ८० प्रतिशत रकम क्षतिपूर्ति दिने व्यवस्था यसमा रहेको छ । साना किसान सहकारी संस्थाहरूले यो कार्यक्रम चलाएका छन् । केही बिमा कम्पनीहरूले पनि विभिन्न जिल्लामा यो सेवा शुरू गरेका छन् । पशुपालक व्यवसायिक किसानका लागि यो ज्यादै महत्त्वपूर्ण छ ।




(ग) बालीनाली बिमा - नेपालजस्तो कृषि प्रदान देशमा यो बिमाको ठूलो महत्त्व छ । हुरी वतास, खडेरी, अतिवर्षा, असिना आदिले बालीनालीको हानी नोक्सानी पुऱ्याउँदा निश्चित शर्तका आधारमा आंशिक वा पूरै क्षतिपूर्ती पाइने व्यवस्था बालीनाली बिमा हो । अहिले नेपाल सरकारले यसलाई विशेष महत्त्व दिई विभिन्न बालीहरूको बिमा गर्ने काम शुरू गरेको छ र यो सेवा विस्तार गर्दै लैजाने योजना छ ।



(घ) सम्पत्ति तथा उद्योग व्यवसायको बिमा - आजभोलि आफ्नो सम्पत्ति जस्तै - घर, गाडी तथा अन्य बहुमूल्य सम्पत्ति तथा उद्योग व्यवसायको पनि बिमा गर्न पाउने सुविधाहरु छन् । विभिन्न बिमा कम्पनीहरूले निश्चित शर्तको आधारमा त्यस्ता सेवाहरु उपलब्ध गराउँदछन् । आफ्नो सम्पत्ति तथा लगानीको सुरक्षा गर्ने यो राम्रो उपाय हो । त्यसैले त्यस्ता सेवा दिने बिमा कम्पनीहरु र तिनीहरूले दिने सेवाका प्रकारहरूको राम्रो जानकारी लिई फाइदा लिनु पर्दछ ।





निरमाया र सन्तबहादुरको एउटा गाईलाई अचानक रोग लाग्यो । गाई थला पर्‍यो र दूध दिन छाड्यो । उनीहरूले सकेसम्म गाईको उपचार गराएर अर्को गाईलाई पनि रोग सर्ला भनी अलग्गै राख्ने व्यवस्था मिलाए । उपचार गर्दागर्दै पनि केही नलागेर गाई मर्‍यो । तर, गाईको बिमा गरेको हुनाले बिमा गरेको संस्थाबाट शर्त अनुसार उनीहरूले रू. ४५,००० /- क्षतिपूर्ति पाए र अर्को दुहुनो गाई किने । पहिल्यै सोच पुर्‍याएर गाईको बिमा गरेको हुनाले अचानक गाई मरे पनि उनीहरूलाई केही समस्या परेन । यसैबाट पाठ सिकेर उनीहरूले अन्य बिमाहरू गर्ने योजना पनि बनाएका छन् ।

## ७.२ बिमा गर्दा ध्यान दिनुपर्ने कुराहरू

- बिमा गरेको संस्था सरकारबाट इजाजत प्राप्त गरेको हो वा होइन बुझेर मात्र बिमा गर्नुपर्छ ।
- बिमा गराउने व्यक्ति आधिकारिक व्यक्ति हो होइन थाहा पाउनु पर्दछ ।
- आफूले गराउन खोजेको विमाबाट पाइने सुविधा के के हुन् ? कस्तो कस्तो अवस्थामा त्यो सेवा पाइने हो त्यसबारे स्पष्ट जानकारी लिएरमात्र बिमा गर्नुपर्छ ।
- बिमा गराउँदा बनाइएका कागजातहरूको प्रतिलिपि आफूसँग पनि राख्नु पर्दछ ।



- राम्ररी कुरा नबुझी हतार गरी विमाको लागि पैसा बुझाइहाल्नु हुँदैन, आफ्ना विश्वासिला मानिससँग सल्लाह लिएरमात्र पैसा बुझाउनु पर्छ ।
- बिमा सम्बन्धी नीति नियमहरु फेरिइरहन पनि सक्ने हुनाले समय समयमा त्यसबारे जानकारी लिनुपर्दछ ।
- बिमा गर्ने कम्पनी कत्तिको विश्वासिलो हो र त्यसले दिने सेवाहरु के के हुन् राम्ररी बुझ्नु पर्छ ।
- आफूले कुन किसिमको बिमा गर्ने हो । आफ्नो पायकमा पर्ने विमा गर्ने संस्थाबाट वा सोसँग सम्बन्धित कार्यालयबाट पूरा जानकारी लिएर बिमा गर्दा सजिलो र भरपर्दो हुन्छ । जस्तै : बालीनाली बिमा सम्बन्धी कृषि कार्यालय, स्वास्थ्य सम्बन्धी स्वास्थ्य कार्यालय आदिबाट जानकारी लिन सकिन्छ ।

## अभ्यास

(क) कसरी बिमाले विपत्तिबाट आउन सक्ने समस्या टार्न मद्दत गर्दो रहेछ ?

\- - - - - - - - - - - - - - - - - - - - - - - - -

(ख) बिमा गर्दा ध्यान दिनुपर्ने कुरा के के हुन् ?

\- - - - - - - - - - - - - - - - - - - - - - - - -

(ग) बिमा गर्न चाहने व्यक्तिलाई तपाईंले दिने २ वटा मुख्य सल्लाह के हुन सक्दछन् ?

\- - - - - - - - - - - - - - - - - - - - - - - - -

# विप्रेषण

८
खण्ड आठ

## ८.१ विप्रेषणको परिचय र महत्त्व

एक ठाउँबाट अर्को ठाउँमा पैसा पठाउने वा झिकाउने काम विप्रेषण हो । यसलाई मनी ट्रान्सफर वा रेमिट्यान्स पनि भन्दछन् । देशबाट देश भित्रै पैसा पठाउनु वा झिकाउनु आन्तरिक विप्रेषण हो भने एक देशबाट अर्को देशमा पैसा पठाउनु वा झिकाउनु वा (वैदेशिक) विप्रेषण हो ।

विप्रेषणका विभिन्न माध्यमहरु छन् । तिनलाई विप्रेषण सेवा प्रदायक भनिन्छ । नेपालमा यस्ता विप्रेषण सेवा प्रदायक कम्पनीहरु धेरै खुलेका छन् । जस्तै : वेस्टर्न युनियन, आइ.एम.इ., नविल रेमिट, हिमाल रेमिट, सहारा आदि । यी कम्पनीहरु बाहेक कुनै कुनै बैंकहरूले पनि विप्रेषण सेवाको व्यवस्था गरेका छन् । यस्ता कम्पनी वा बैंकहरु बाहेक कसै कसैले हुण्डीबाट र कसैले व्यक्तिबाटै पैसा पठाउने वा झिकाउने गरेको पनि पाइन्छ । व्यापारीहरु मार्फत पैसा पठाउने काम हुण्डी हो । यसरी हुण्डीबाट र व्यक्तिबाट पैसा पठाउनु विश्वासिलो हुँदैन र साथै यस्तो कारोबारको कानूनि मान्यता हुँदैन ।




सन्तबहादुरका भाइ कमल वैदेशिक रोजगारमा खाडी मुलुकमा छन् । उनले त्यहाँ काम गर्न लागेको ५ वर्ष भैसक्यो । बाबुको पालादेखिको ऋणबाट मुक्ति पाउन परिवारको जीविका गर्न र छोराछोरीको भविष्यको लागि उनी धेरै परिश्रम पूर्वक काम गर्दछन् । पहिले एकपटक उनले सँगै काम गर्ने साथीसँग पैसा पठाएछन् तर साथी विश्वासिलो परेनछ । त्यो साथीले ७ महिनासम्म आलटाल गरेर बल्लबल्ल परिवारलाई पैसा दियो । एकपटक उनले हुण्डीबाट पैसा पठाए । पठाउँदा धेरै कमिसन खाइदिए र तीन महिनापछि मात्र परिवारलाई भुक्तानी दिए । सरकारबाट कुनै इजाजत नलिएका दर्ता नभएका त्यस्ता माध्यमबाट पैसा पठाउँदा दुःख पाएका कमल अहिले सरकारी इजाजत पाएका राम्रा कम्पनीबाट पैसा पठाउँछन् । त्यस्ता कम्पनीबाट पठाउँदा चाहिएको बेलामा कुनै झन्झटबिना नै पैसा पाउने हुनाले उनका परिवार खुसी छन् र कमललाई पनि ढुक्क र सजिलो भएको छ ।

आफ्ना जीवनका आवश्यकताहरू र चाहनाहरू पूरा गर्न मानिसहरू देश विदेशका विभिन्न ठाउँमा बसेर काम गर्दछन् । आजभोलि विदेशमा रहेर काम गर्ने नेपालीको सङ्ख्या ठूलो रहेको छ । आफ्नो आफ्नो सीप, क्षमता र आफूले पाएको अवसर अनुसार ती व्यक्तिहरूले पैसा कमाएका छन् । यसले उनीहरूका आवश्यकताहरू र चाहनाहरू पूरा गर्न सहयोग पुऱ्याएको छ । कमाईको पैसा सस्तो, छिटो र भरपर्दो तरिकाले आफ्नो घरमा पठाउनु पैसा कमाउनु जत्तिकै महत्वपूर्ण कुरा हो ।

## ८.२ विप्रेषण गर्दा ध्यान दिनुपर्ने कुराहरू

(क) पैसा पठाउँदा सरकारको इजाजत प्राप्त कम्पनी अर्थात् दर्तावाल कम्पनी मार्फत् मात्रै पठाउनु पर्दछ ।

(ख) पैसा पठाउँदा कति कमिशन लाग्ने हो, कति समयमा पुग्छ र कत्तिको झन्झटिलो छ विचार गर्नुपर्दछ ।


(ग) पैसा पठाउनु अघि डलरको वा पठाउने विदेशी मुद्राको सटहीदर बढ्दो वा घट्दो के छ त्यो विचार गरी राम्रो सटही दर भएको अवस्थामा पठाउनु राम्रो हुन्छ ।

(घ) पैसा पठाउँदा त्यो कम्पनी कत्तिको प्रतिष्ठित र विश्वासिलो कम्पनी हो त्यो पनि थाहा पाउनु पर्दछ ।

(ङ) पैसा पठाएपछि त्यसको प्रमाण रसिद, कोड नं. आदि अनिवार्य लिनु पर्दछ र कुनै कागजातहरू पेश गरेको भए तिनको प्रतिलिपि लिई सुरक्षित राख्नु पर्दछ ।

(च) बैंक खाता खोली खातामा नै पैसा पठाउनु अझ सबभन्दा राम्रो उपाय हो ।

(छ) व्यक्ती मार्फत र हुण्डीबाट पैसा पठाउनु हुँदैन ।



दुःख गरेर कमाएको पैसालाई घरमा पठाउनुमात्र ठूलो कुरा होइन, त्यसको राम्रो उपयोग पनि हुनुपर्दछ । त्यसैले पैसा कुनै सहकारी वा बैंकमा जम्मा गर्नुपर्दछ र सम्पत्ति जोड्ने, छोराछोरीलाई राम्रोसँग पढाउने जस्ता अति आवश्यक काममा मात्र खर्च गर्नुपर्दछ । आम्दानी बढ्ने कुनै व्यवसायिक काममा लगानी गर्नु पनि पैसाको राम्रो उपयोग हो । दुःखको कमाई भड्किला पोशाक, महङ्गा फोनहरू, विलासिताका सामानहरू किन्ने र भड्किलो तरिकाले चाढबाड मनाउने जस्ता काममा खर्च गर्नु हुँदैन । कमाई छ भन्दैमा परिश्रम गर्ने बानी छोड्नु र सबै वस्तुहरु किनेरमात्र प्रयोग गर्नु पनि राम्रो होइन । सफल र सुरक्षित भविष्यको लागि यो राम्रो सल्लाह हो र यसलाई सबैले अनिवार्य रूपमा पालना गर्नुपर्दछ ।

## अभ्यास

(क) मानिसहरु कुन-कुन माध्यमबाट पैसा पठाउने वा झिकाउने गर्दछन् ?

-------------------------

(ख) विप्रेषण गर्दा ध्यान दिनुपर्ने कुनै दुईवटा कुरा के के हुन् ?

-------------------------

(ग) विप्रेषणबाट पैसा प्राप्त गर्ने मानिसलाई के के सल्लाह दिनुहुन्छ ?

-------------------------

# वित्तीय साक्षरता प्रशिक्षण

## प्रशिक्षकहरूको लागि निर्देशिका

| सत्र नं. | विषय शीर्षक | समय | सिकाइका उद्देश्यहरू | प्रशिक्षण विधि | प्रशिक्षण सामाग्रीहरू | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|---|
| १ | समुदायको वर्तमान अवस्था विश्लेषण | १ घण्टा | • विपन्नताले मानिसलाई पार्नसक्ने असरहरु बताउन सक्ने ।<br>• विपननताबाट सम्पन्नतातिर लाग्ने उपायहरु पत्ता लगाउन सक्ने ।<br>• सम्पन्नता र विपननताको लागि समय व्यवस्थापनको भूमिका बारे स्पष्ट बताउन सक्ने । | छोटो प्रवचन, गरि विपन्नताको दुश्चक्र र सम्पन्नताको असल चक्रको प्रस्तुति र अभ्यासहरु गराउने । | गरिबीको दुश्चक्र र सम्पन्नताको असल चक्रको चार्ट ।<br>मेटाकार्ड, मार्करहरु, मास्किङ टेप आदि अन्य सामग्रीहरु । | सहभागीलाई हर्कबहादुरको कथा वाचन गर्न लगाउने । कथाको आधारमा अभ्यासका प्रश्नहरूको जवाफ खोज्न लगाउने, विपननताको चक्र प्रस्तुत गर्ने र बाकसमा लेखिएको निष्कर्षको आधारमा गरिबीको असर स्पष्ट बताउने । राइफाइसन र वारेन वफेटको भनाइको आधारमा गरिबी आप्ञ्नै प्रयासबाट हताउन सकिने कुरा बताउने र सम्पन्नताको चक्र प्रस्तुत गर्दै वासको निष्कर्ष बताउने । अभ्यासहरु गराउने । समय पनि हाम्रो सम्पत्ति भएकोले पाठको आधारमा त्यसको सही प्रयोग गर्ने तरिका बताउँदै समुदायका सबै जसो विपन्न वर्गको अवस्था यस्तै यस्तै हो । यसबाट उम्कन आफूसँग भएका र आफ्नो पहुँचमा रहेका वित्तीय स्रोतहरूको व्यवस्थापनको ज्ञान हुन जरूरी छ भनी सत्र अन्त्य गर्ने । |
| २ | वित्तीय साक्षरताको परिचय महत्त्व उद्देश्य | ४५ मिनेट | • वित्तीय साक्षरता के हो र कसका लागि हो त्यो बताउन सक्ने ।<br>• वित्तीय साक्षरताका कम्तीमा ५ वटा फाइदा बताउन सक्ने । | छोटो प्रवचन, प्रश्न उत्तर वा छलफल र अभ्यास गराउने । | मेटाकार्ड, मार्करहरु, वित्तीय साक्षरतामा समेटिएका विषयहरूको सूची र वित्तीय साक्षरताका फाइदा लेखिएका चार्टहरु | पाठमा लेखिएका विषयवस्तुको आधारमा वित्तीय साक्षरताको बारेमा जानकारी गराउने । वित्तीय साक्षरता भित्र समेटिने विषयहरूको सूची र वित्तीय साक्षरताका फाइदाको चार्ट बनाइ प्रस्तुत गर्ने अभ्यासहरु गराउने र जीविकोपार्जनलाई सजिलो बनाउन अनि सफल सुखी भविष्य निम्त्याउन वित्तीय साक्षरताको ज्ञान सीप जरूरी छ भन्दै सत्र अन्त्य गर्ने । |

| सत्र नं. | विषय शीर्षक | समय | सिकाइका उद्देश्यहरू | प्रशिक्षण विधि | प्रशिक्षण सामाग्रीहरू | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|---|
| ३ | वित्तीय लक्ष्य निर्माण | ४५ मिनेट | • वित्तीय लक्ष्यको परिचय र महत्त्व बताउन सकने ।<br>• अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन वित्तीय लक्ष्य छुट्याउन सक्ने । | छोटो प्रवचन, अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन वचत लक्ष्यको नमूना प्रस्तुति र अभ्यासहरु गराउने | मेटाकार्ड, मार्कर, अल्पकालीन, मध्यमक(ालीन र दीर्घकालीन वचत लक्ष्यको नमूना चार्ट | निरमाया र सन्तबहादुरको कथा वाचन गर्न लगाउने । कथाको आधारमा अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन वचत लक्ष्यहरूको बारेमा छलफल गर्ने । वचत लक्ष्यको नमूना चार्ट प्रस्तुत गर्ने । अभ्यास गराउने र जीवनमा विभिन्न आवश्यकता पूरा गर्न र आफ्नो भविष्य सुरक्षित गर्न वित्तीय लक्ष्य बनाउनु जरूरी छ भन्दै सत्र अन्त्य गर्ने । |
| ४ र ५ | बचतको परिचय, फ(ाइदा, बचत सेवाहरु र बचतको योजना | १ घण्टा ३० मिनेट | • बचतको परिचय र फाइदा बताउन सक्ने<br>• बचत सेवाहरूको छनोट गर्न सक्ने<br>• बचत योजना बनाउन सक्ने | छोटो प्रवचन, छलफल, बचत सेवाहरूको तालिका प्रस्तुति र बचत योजना अभ्यास गराउने | बचत सेवाको तालिका र अन्य तालिम सामग्रीहरु | निरमाया र सन्तबहादुरको कथा वाचन गर्न लगाउने । बचतको परिचय र फाइदाहरु बताउने प्रति महिना रू. ५०० का दरले बचत गर्दा बार्षिक १२ प्रतिशत ब्याजको हिसावमा ५० वर्षमा कति हुने रहेछ त्यो स्पष्ट बुझाउने । मुख्य बचत सेवाहरूको तालिका प्रस्तुत गर्ने । बचत गर्नमा आउने समस्या र समाधानका उपायहरूको बारेमा छलफल गर्ने । सहभागीलाई आफ्नो परिवारको बचत योजना बनाउन लगाउने । बचत सुखी र फल जीवनको आधार हो र वित्तीय लक्ष्य पूरा गर्ने मुख्य साधन हो भन्दै सत्र अन्त्य गर्ने । |
| ६ र ७ | पारीवारिक बजेट | १ घण्टा ३० मिनेट | • बजेटको परिचय र फाइदा बताउन सक्ने ।<br>• आम्दानी खर्चको हिसाव गर्न र खर्चहरूको वर्गीकरण गर्न सक्ने ।<br>• पारीवारिक बजेट बनाउन सक्ने । | छोटो प्रवचन, छलफल, बजेटको तालिका प्रस्तुति र बजेट निर्माण अभ्यास गराउने | आम्दानी खर्च र बजेटको तालिका तथा अन्य सामाग्रीहरु | बजेटको परिचय र महत्त्व बताउने । पाठकका कथा वाचन गर्न लगाउने । आम्दानी खर्चका र तिनका प्राथमिकताहरूको बारेमा छलफल गर्ने । आम्दानी खर्चको बजेटको नमूना तालिका प्रस्तुत गर्ने ।पारीवारिक बजेट बनाउन लगाउने । बजेटले पारीवारिक खर्चमा अनुशासन कायम गर्न र आफ्नो वित्तीय लक्ष्य पूरा गर्न सघाउने हुनाले पारीवारिक बजेट बनाउनु अनिवार्य छ भन्ने कुरा बताउँदै सत्र अन्त्य गर्ने । |

| सत्र नं. | विषय शीर्षक | समय | सिकाइका उद्देश्यहरू | प्रशिक्षण विधि | प्रशिक्षण सामाग्रीहरू | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|---|
| ८ र ९ | ऋणको परिचय, महत्त्व वित्तीय सेवा प्रदायकको छनोट र भाखा नाघेको ऋणको व्यवस्थापन | १ घण्टा ३० मिनेट | • ऋणको परिचय र महत्त्व बताउन सक्ने ।<br>• औपचारिक र अनौपचारिक वित्तीय संस्था छुट्याउन सक्ने ।<br>• उपर्युक्त वित्तीय सेवा प्रदायक छनोट गर्न सक्ने ।<br>• ऋण समयमा तिर्दा हुने तीन फाइदा र नतिर्दा हुने तीन वे फाइदा बताउन सक्ने । | छोटो प्रवचन, छलफल, वित्तीय सेवा प्रदायक र तिनका फाइदा बे फाइदाको तालिका प्रस्तुति र अभ्यास गराउने । | वित्तीय सेवा प्रदायक र तिनका फाइदा वे फाइदाको तालिका र अन्य सामग्रीहरु | ऋणको परिचय र महत्त्व बताउने । असल ऋण र खराब ऋणको बारेमा स्पष्ट जानकारी गराउने । पाठका कथा वाचन गर्ने वा गर्न लगाउने । औपचारिक र अनौपचारिक सेवा प्रदायकका फाइदा बेफाइदाको तालिका प्रस्तुत गर्दै छलफल गर्ने । समयमा ऋण तिर्दा र नतिर्दा हुने फाइदा बेफाइदाका बारेमा छलफल गर्ने । आम्दानी बढाउन सहयोग गर्ने ऋण असल ऋण हो र त्यस्ता ऋण वरदान सरह हुन्छन्, ऋण से वा प्रदायकको राम्ररी छानवीन गरी ऋण लिँदा सजिलो हुन्छ र ऋण लिएपछि समयमा त्यसको भुक्तानी गर्न पर्दछ भन्दै सत्र समाप्त गर्ने । |
| १० | बिमा | ४५ मिनेट | • बिमाको परिचय र महत्त्व बताउन सक्ने ।<br>• विभिन्न बिमा सेवाका आधारमा उपयुक्त बिमा सेवा छनोट गर्न सक्ने ।<br>• बिमा गर्दा ध्यान दिनुपर्ने कम्तीमा ५ कुरा बताउन सक्ने । | छोटो प्रवचन, छलफल र अभ्यास गराउने | मेटाकार्ड, मार्करजस्ता तालिम सामग्रहरु र बिमासेवाका प्रकारहरूको चार्ट | बिमाको परिचय र महत्त्व बताउने । छलफल गर्ने । सहभागी कसैले बिमा गरेको भए अनुभव बताउन लगाउने । कथा चार्टको बाचन गर्ने । चार्टको आधारमा बिमा सेवाका प्रकारहरु र तिनीहरूका फाइदाहरु बताउने । बिमा गर्दा ध्यान दिनुपर्ने कुरा स्पष्ट पार्ने र अभ्यास गराउने । अन्त्यमा पहिल्यै नसोचेका आगलागी, पशुधनको मृत्यु, बिरामी वा धनमालहरूको चोरी आदि जस्ता विपदबाट हुने हानी नोक्सानीबाट हुने क्षतिलाई न्यूनीकरण गर्ने मुख्य उपाय बिमा नै भएकोले बिमा गर्नु जरूरी हुन्छ भन्दै सत्र अन्त्य गर्ने । |

| सत्र नं. | विषय शीर्षक | समय | सिकाइका उद्देश्यहरू | प्रशिक्षण विधि | प्रशिक्षण सामाग्रीहरू | मुख्य क्रियाकलापहरू |
|---|---|---|---|---|---|---|
| ११ | विप्रेषण | ३० मिनेट | • विप्रेषणको परिचय र महत्त्व बताउन सक्ने ।<br>• उपयुक्त विप्रेषण सेवा प्रदायक छनोट गर्न सक्ने ।<br>• विप्रेषण गर्दा ध्यान दिनुपर्ने कम्तीमा ४ कुरा बताउन सकने । | छोटो प्रवचन, प्रश्नउत्तर तथा छलफल र अभ्यास गराउने । | मेटाकार्ड, मार्करहरू, आदि । | विप्रेषणको परिचय र महत्त्व बताउने । कमलको कथा वाचन गर्ने वा गर्न लगाउने । विप्रेषण सेवा प्रदायक छनोट गर्दा ध्यान दिनु पर्ने विषयमा छलफल गर्ने । कुनै सहभागीसँग विप्रेषण सम्बन्धी कुनै अनुभव भए बताउन लगाउने । अन्त्यमा दुःख गरेर कमाएको पैसा उचित र सुरक्षित तरिकाले घरमा पठाउन पैसा कमाउन जत्तिकै महत्त्वपूर्ण कुरा त्यसका साथै दुःखको कमाई आम्दानी बढ्ने काममा मात्र लगाउनु पर्छ भन्दै सत्र अन्त्य गर्ने । |